# पाँचौँ अध्याय

## ५. पारिवारिक जीवनमा केन्द्रित आधुनिक भारतीय नेपाली कथा

### ५.१ आधुनिक भारतीय नेपाली कथामा चित्रित पारिवारिक जीवनको चित्रण

साहित्य र साहित्यकार दुवै समाजसित सम्बन्धित रहेका हुनाले साहित्यमा लेखकीय समाज प्रतिविम्बित हुनु स्वाभाविकै देखिन्छ। अतः कथामा कथाकारको समकालीन सामाजिक जीवनको चित्रण भएको पाउनु पनि कुनै आश्चर्यको कुरो होइनन्। जहाँ सामाजिक जीवनको चित्रण भएको पाइन्छ त्यहाँ पारिवारिक जीवनको चित्रण अवश्य नै रहेको हुन्छ। यद्यपि पारिवारिक जीवनको चित्रण भने कतिपय कथामा प्रमुख रूपमा रहेको हुन्छ भने कतिपयमा गौण रूपले रहेको हुन्छ। पारिवारिक जीवनमा केन्द्रित आधुनिक भारतीय नेपाली कथाको अध्ययन गर्ने क्रममा रूपनारायण सिंहको 'अन्नपूर्णा' कथाबाट सुरु गर्न सकिन्छ। यसै कथालाई प्रथम आधुनिक भारतीय नेपाली कथा मान्दै घनश्याम नेपालले आफ्नो विचार यसरी राखेका छन् – 'आदर्शतर्फ मोडिएको सामाजिक-पारिवारिक यथार्थ बोकेको यस कथा (अन्नपूर्णा) ले सिंहलाई प्रथम आधुनिक नेपाली कथाकारका रूपमा प्रस्तुत गरेको छ।'[१] यसरी घनश्याम नेपालले स्पष्टसँग आधुनिक भारतीय नेपाली कथाको श्रीगणेश रूपनारायण सिंहबाट भएको र यसको आरम्भ चाहिँ 'अन्नपूर्णा' (सन् १९२७) कथाबाट नै निर्दिष्ट रूपले भएको मानिएको झैँ स्रष्टाको भूमिकामा राजेन्द्र भण्डारीले पनि यसै कुरालाई स्वीकार

---

[१] घनश्याम नेपाल, सन् २००९, नेपाली साहित्यको परिचयात्मक इतिहास (संशोधित र परिवर्द्धित संस्करण), प्रधाननगर, एकता बुक हाउस, सिलगढी, पृ १८९

गरेको पाइन्छ।[२] अतः यस अध्यायमा यही कथाबाट नै आधुनिक भारतीय नेपाली कथामा पारिवारिक जीवनको चित्रणबारे अध्ययन गरिएको छ।

आधुनिक भारतीय नेपाली कथा परम्परामा गार्हस्थ्य जीवन, पारिवारिक द्वन्द्व, नारीहरूको मनोवृत्ति, पतिब्रता र रूढिवादी नारीका आदर्श तथा कर्तव्यहरू, पुरुषका अन्याय-अत्यचार, सहनशीला गृहिणीको त्याग तथा सेवा भाव, विधवा जीवन, सन्तानहिनताले ग्रस्त जीवन, आर्थिक विपन्नताले ग्रस्त जीवन आदि विषयलाई लिएर कथा लेखिएको पाइन्छ। आधुनिक भारतीय नेपाली कथाको प्रारम्भिक कालदेखिका कथाहरूमा नै पारिवारिक जीवन र यससित सम्बन्धित अन्य पक्षहरूको चित्रण गरिएको पाइन्छ। अतः आधुनिक भारतीय नेपाली कथामा परिवार-प्रयोगको सन्दर्भमा विशुद्ध नेपाली सामाजिक र पारिवारिकताको चित्रणको स्वस्थ-परम्पराको थालनी पनि आधुनिक नेपाली कथाकार रूपनारायण सिंहको 'अन्नपूर्णा' कथाबाटै भएको देखिन्छ। अतः आधुनिक भारतीय नेपाली कथा परम्परामा सामाजिकता र पारिवारिकताका प्रथम प्रयोक्ता रूपनारायण सिंहलाई नै मान्न सकिन्छ।

रूपनारायण सिंहले सुरु गरेको पारिवारिक जीवनको चित्रण परम्परालाई मुख्य रूपमा इन्द्र सुन्दास, शिवकुमार राई, इन्द्रबहादुर राई लगायत वर्तमान कथाकारहरूले पनि आत्मसात गरेर समय सापेक्ष सुहाउँदो ढाँचामा निरन्तरता दिइरहेको पाइन्छ। भारतीय नेपाली सामाजिक जीवनअन्तर्गत पारिवारिक जीवनको चित्रण गर्ने क्रममा विभिन्न कथाकारहरूले आ-आफ्ना सामाजिक मूल्य-मान्यता तथा दृष्टिकोणका आधारमा आफ्ना कथाहरूमा परिवार र यसका समस्याहरूको चित्रण गरेका छन्। नेपाली समाजमा व्याप्त सामाजिक तथा पारिवारिक विडम्बनाहरू, असङ्गतिहरू र

[२] केदार गुरुङ (सम्पा), जुलाई, सन् १९९१, स्रष्टा (द्वैमासिक साहित्यिक पत्रिका), वर्ष १३, अङ्क ३०, सिक्किम, पृ ix

परम्परागत रूढ मान्यताहरूले उब्जाएका समस्याहरूलाई कथाकारहरूले आफ्ना कथाका मूल कथ्य बनाएका छन्। यसो भए तापनि समग्रमा हेर्दा अधिकांश कथाहरूमा गृहस्थ्य जीवनका समस्याहरू, अनमेल विवाह, बहुविवाह, विधवा जीवन, वैवाहिक अतृप्ति, नारीमाथि अमानवीय व्यवहार, वेश्या-समस्या, दुई भिन्न जातबिच हुने विवाह, छुवाछुत प्रथा, नारी मर्यादाको उद्बोधन, सन्तानहिनताको बोधले ग्रस्त जीवन तथा सन्तानद्वारा पिरोलिएका अभिभावकहरू आदिको सफल चित्रण भएको छ।

कथाहरूमा पारिवारिक सम्बन्धहरूको चित्रण गर्ने परिपाटी विभिन्न प्रकारका छन्। कतिपय कथामा परिवारलाई स्वयममा एउटा महत्त्वपूर्ण सामाजिक संस्थाका रूपमा हेरिएको छ भने कतिपयमा परिवारलाई समाजरूपी संस्थाको संघटक एकाइको रूपमा हेरिएको छ। कथाकारहरूले आआफ्ना उद्‌देश्य र शीपशैली अनुरूप प्रत्यक्ष परोक्ष तथा प्रधान र गौण आदि विविध परिपाटीहरूका आधारमा पारिवारिक जीवन र सम्बन्धहरूको चित्रण गरेका छन्। कतिपय कथामा प्रत्येक्ष रूपमा परिवारभित्रका सम्बन्धहरूको चित्रण भएको पाइन्छ भने कतिपयमा पारिवारिक जीवनअन्तर्गत देखापर्ने सबल र दुर्बल पक्षहरूलाई परोक्ष रूपमा चित्रण गरिएको पाइन्छ। यसरी पारिवारिक जीवनमा केन्द्रित आधुनिक भारतीय नेपाली कथाहरूमा पाइने प्रमुख विशेषताहरूमध्ये उक्त विविधता पनि एउटा हो। यसले तत्कालीन नेपाली सामाजिक जीवन र पारिवारिक सम्बन्धहरूको झाँकी प्रस्तुत गर्दछ।

## ५.२ आधुनिक भारतीय नेपाली कथामा चित्रित पारिवारिक सम्बन्धहरूको अध्ययन

आधुनिक भारतीय नेपाली कथामा मानवीय सम्बन्धका विविध रूप तथा प्रकारको चित्रण गरिएको पाइन्छ। कथाहरूमा चित्रित मानवीय सम्बन्धका मूलतः परिवर्तनशील सम्बन्ध र अपरिवर्तनशील सम्बन्ध गरी दुई प्रकार पाइन्छ। समाज तथा परिवारमा विद्यमान मानवीय सम्बन्धका विविध रूपहरूलाई आधुनिक भारतीय

नेपाली कथाकारहरूले विविधताका साथ कथाहरूमा प्रस्तुत गरेका छन्। मानवीय सम्बन्धको यो विविधतापूर्ण प्रयोग नै नेपाली पारिवारिक जीवनमा केन्द्रित कथाहरूको विशेषता हो। मानवीय सम्बन्धका अनेक आधारहरू छन्। आधुनिक भारतीय नेपाली कथामा चित्रित मानवीय सम्बन्धका प्रकार र प्रकृतिलाई मुख्यतः दाम्पत्य सम्बन्ध र दाम्पत्येत्तर सम्बन्धका आधारमा अध्ययन गर्न सकिन्छ।

### ५.२.१ दाम्पत्य सम्बन्ध

एउटा परिवार निर्माणको प्रथम तथा मुख्य घटकको रूपमा मानिने पति-पत्नीको सम्बन्धलाई दाम्पत्य सम्बन्ध भनिन्छ। यो सम्बन्ध विवाहपश्चात् नारी-पुरुषमाझ स्थापित हुँदछ। दाम्पत्य सम्बन्धका आधारमा आधुनिक भारतीय नेपाली कथाको अध्ययन गर्दा पति-पत्नीबिच हुने विभिन्न किसिमका सम्बन्धहरूको चित्रण गरिएको पाइन्छ। मूलतः सफल दाम्पत्य र असफल दाम्पत्य गरी कथाहरूमा चित्रित दाम्पत्य जीवनका दुई अवस्था पाइन्छ। सफल दाम्पत्य जीवनको चित्रण गर्ने क्रममा कथाकारहरूले आ-आफ्ना कथामा पति-पत्नीमाझ हुने आदर्श सम्बन्धहरूको चित्रण गरेका छन्। यसका निम्ति अत्यावश्यक कुराहरू जस्तै - पति-पत्नीमाझ पारस्परिक दायित्त्व-निर्वाह, पारस्परिक प्रेम, सेवा, सहिष्णुता, समर्पण, सहानुभूति, त्याग, एका-अर्काप्रति पूर्ण विश्वास, पतिलाई परमेश्वर मान्ने तथा पत्नीलाई अर्धाङ्गिनी मान्ने, पति-पत्नी भएपछि जीवनभर सँगै रहनुपर्ने कर्तव्य र धर्मलाई कथाहरूमा चित्रित गरिएको पाइन्छ। विभिन्न पारिवारिक तथा सामाजिक कर्तव्य, धर्म, रीति-थीति, रूढि, समस्था-सङ्कटहरूलाई सहर्ष झेलेर आफ्नो आदर्शलाई बनाइराख्न प्रत्येक पति-पत्नी जीवनभर तत्पर रहनुपर्ने कुरालाई कथाकारहरूले सफल ढङ्गमा प्रस्तुत गरेका छन्।

सफल दाम्पत्य जीवनको चित्रण भएका प्रमुख आधुनिक भारतीय नेपाली कथाहरू हुन् -इन्द्र सुन्दासका 'रानी खोला', 'अनुताप', 'नलिनी', शिवकुमार राईका 'छाता', 'सिन्दूर पोते', लीलबहादुर क्षत्रीका 'कर्तव्य', 'किपट', 'स्वच्छन्द मन', 'घेराभित्रको जीवन', इन्द्रबहादुर राईका 'रातभरि हुरी चल्यो', 'ज्ञनेन्द्रको कथा', 'एउटा दिनको सामान्यता', समीरण 'प्रियदर्शी'-का 'घर झगडा', 'अन्धकार भइहालोस्', 'तीतो कुइनाइन र सरकारी खाता', 'आरतीलाई आज निन्द्रा छैन', 'गैरीगाउँकी चमेली', थीरू प्रसाद नेपालका 'रमिता', 'गम प्रसाद र उसको कोट', भानु छेत्रीको 'चाँदीको घेराले बाँधिएको कालो बादल', एम पथिकको 'विक्षीप्त हृदयको विदिर्ण व्यथा', पूर्ण राईका 'दुई वक्र रेखा', 'टिस्टा नदीको अर्को कथा', 'अनन्त एउटा प्रश्न', 'यो तृष्णा', 'यो रहर', कमला आँसुको 'प्रवल आस्था', प्रकाश हाङ्खिमको 'आफ्नै शरीरको मासु', भीम दाहालको 'मनमाया लिम्बूनी : विक्रम संवत्', उदय थुलुङको 'यो छाल, जीवनको', सञ्जय विष्टाका 'घरमा मेरो स्वास्नी छ', 'मेरी स्वास्नी र त्यो मान्छे' आदि। यस्ता सफल दाम्पत्य जीवनको चित्रणमा आधारिक कथाहरूमा पति-पत्नीमाझ सामान्य झैझगडा भएको देखिइएको भए तापनि उनीहरूमाझ मधुर सम्बन्ध नै रहेको पाइन्छ।

आधुनिक भारतीय नेपाली कथामा असफल दाम्पत्य जीवनका अनेकौँ रूपहरूको चित्रण गरिएको पाइन्छ। विवाह जस्तो पवित्र बन्धनमा बाँधिएका पति-पत्नीको दाम्पत्य जीवन सफल नहुनाका अनेक कारणहरू हुन सक्छन्, जस्तै- पति-पत्नीमाझ वैचारिक एकताको कमी, बाल विवाह, अनमेल विवाह, पारस्परिक व्यवहारमा कटुता, अवैध प्रेम-सम्बन्ध, दुर्व्यवहार, अधिकार भावना, अशिक्षा तथा अर्द्धशिक्षा, बहुविवाह, मूल्य-मान्यतामा अन्तर, कुरूपता, विवाहसम्बन्धी रूढ तथा संकुचित रीति-थीति,

नारी पुरुष मनोविज्ञानप्रतिको अज्ञान, पति-पत्नी सेवा एवम् निष्ठामा न्यूनता, अविश्वास आदि। यस्ता अनेकौँ पक्षहरूलाई आधुनिक भारतीय नेपाली कथाकारहरूले आफ्ना कथाहरूमा सफल ढङ्गमा प्रस्तुत गरेका छन्, जसले असफल दाम्पत्य जीवनको सजीव चित्र प्रस्तुत गर्दछ। सफल दाम्पत्य दुर्घटित हुनाका पछि उपर्युक्त तत्त्वहरू नै सक्रिय रहेका छन्। उदाहरणका निम्ति केही कथाहरूलाई यहाँ लिइएको छ - रूपनारायण सिंहका 'जिम्मावारी कसको ?', 'विध्वस्त जीवन', इन्द्र सुन्दासका 'खाजा', 'ऐते पाइलट', 'लिपिबद्ध प्रमाण', 'अबला, दुर्बला', शिवकुमार राईका 'प्रकृति पुत्री', 'मानिस', 'ज्यानमारा', इन्द्रबहादुर राईका 'जार भएकै एउटा कथा', 'छुट्याइयो', लीलबहादुर क्षत्रीका 'बेसाहा', 'चिट्ठा', 'दिनचार्य', 'प्रतिशोध', 'त्यसरी अन्त हुन्छ एउटा विसङ्गतिको', महानन्द पौड्यालको 'हवल्दार', भानु छेत्रीका 'अब मलाई कहाँ लैजाने', 'जमिन्दारको आशीर्वाद', भगीरथ रावतको 'कोही यहाँ विवश बनेपछि', पूर्ण राईका 'तरंगहीन तरंगहरू', 'आजकल ऊ यहाँ पनि छैन', विन्ध्या सुब्बाको 'भन, पहिले तिम्रो कुन सपना पुरा गरूँ म ?' आदि-आदि। उक्त कथाहरू लगायत अन्य कथाकारहरूका कथामा चित्रित असफल दाम्पत्य-जीवनको चित्रणमा पति-पत्नीमाझ अनेकौँ कारणहरूले गर्दा तिनीहरूको सम्बन्धमा कटुता उत्पन्न भएको देखिन्छ।

अतः दाम्पत्य जीवनका यी दुई प्रकारमध्ये अधिकांश आधुनिक भारतीय नेपाली कथाहरूमा असफल दाम्पत्य जीवनको चित्रण नै बढी मात्रमा भएको पाइन्छ। कथाकारहरूले सामाजिक पारिवारिक समस्याहरूको चित्रण र उद्घाटन गर्ने क्रममा मुख्यतः यिनै पक्षहरूको चित्रण तथा वर्णनमा बढी ध्यान केन्द्रित गरेका छन्।

तत्कालीन सामाजिक पारिवारिक जीवनमा देखापरेका असङ्गति तथा अव्यवस्थाहरूलाई आफ्ना कथाहरूमा उतार्नु कथाकारहरूको मूल उद्देश्य नै देखिन्छ।

### ५.२.२ दाम्पत्येत्तर सम्बन्ध

आधुनिक भारतीय नेपाली कथामा दाम्पत्य सम्बन्धका अतिरिक्त दाम्पत्येत्तर सम्बन्धको पनि चित्रण उत्तिकै भएको पाइन्छ। दाम्पत्येत्तर सम्बन्धमा मूलरूपमा आमा-बाबु र छोरा-छोरीबिचको सम्बन्धलाई लिएर कथा लेखिएको पाइन्छ। यसका अतिरिक्त सासू-बुहारीबिचको सम्बन्ध, सौतेनी आमा र सौता सन्तानबिचको सम्बन्ध, साली र भेना, देवर र भाउजु, नन्द र भाउजु, दिदी र भाइ तथा दाजु र बहिनी आदि सम्बन्धहरूको चित्रण पनि भएका पाइन्छन्।

#### अ) अभिभावक र सन्तानमाझको सम्बन्धमा आधारित आधुनिक भारतीय नेपाली कथा

आधुनिक भारतीय नेपाली कथामा दाम्पत्येत्तर सम्बन्धमध्ये आमाबाबु र सन्तानबिचको सम्बन्धलाई धेर जसो प्रयोग गरेर कथा लेखेका छन्। रूपनारायण सिंहदेखि नै यस तर्फ कथा लेख्ने प्रवृत्ति सुरु भएदेखि लिएर अहिलेका सञ्जय विष्ट आदि कथाकारहरूले पनि यस विषयलाई आफ्ना कथामा भित्र्याएका छन्।

**▪ रूपनारायणका ‘आमा’ र ‘पुष्पराग’**

रूपनारायणका ‘आमा’ र ‘पुष्पराग’ यसै परिपाटीमा लेखिएका कथाहरू हुन्। यी दुवै कथामा मुख्यतः आमा र छोराबिचको सम्बन्धलाई लिएर कथा लेखिएका देखिन्छन्। ‘पुष्पराग’ कथामा समाजमा व्याप्त आर्थिक असन्तुलनको कारणले गर्दा यस कथाका पात्र पात्राको जीवन व्यथित बनेको छ। कथा पात्र पुष्पमणि धनी घरको एक मात्र

छोरा हो भने कथा पात्रा पोखरोज त्यही घरको गरीब मालीकी एक मात्र छोरी हो। यी दुइमाझ प्रेम सम्बन्ध स्थापित हुँदछ। यसरी विपरीत यौनप्रतिको सहज आकर्षणमा बाधिएपछि तिनीहरूमाझ शारीरिक सम्बन्ध पनि विस्थापित हुँदछ। फलस्वरूप पोखराज विवाहपूर्व नै आमा बन्ने स्थितिमा पुग्छे भने उसलाई समाज लगायत आफ्नै आमाबाबाले समेत दोष्याउन पुग्छन्। पुष्पमणिका आमाले पनि पोखराजलाई अप्नाउनुको सट्टा 'तिमीहरू दरिद्र-दासी...आशे, गाँसे'[३] जस्ता कठोर वचन लाएर अवहेलना गर्छिन्। अतः पोखराज र पुष्पमणिको विवाह हुँदैन। एउटी आमाले गर्दा तथा उसको मनमा रहेको सामाजिक वर्गभेदको भावना र कुरीतिले गर्दा आफ्नै छोराको जीवन बर्बाद भएको यथार्थ चित्रण यस कथामा पाइन्छ। अतः कथामा आमा-छोरामाझ कटु सम्बन्ध रहेको देखिन्छ। अर्को कथा 'आमा' मा भने एउटी नारीको ममतामयी, सहनशील र क्षमाशील रूपको मार्मिक चित्रण पाइन्छ। एकातिर आफ्नो सम्पूर्ण इच्छा, आकांक्षालाई बिर्सिएर आफ्नो सन्तानको सुख समृद्धिको निम्ति जस्तो सुकै त्याग गर्न पनि तयार भएकी ममतामयी नेपाली आमाको यथार्थपूर्ण चित्रण पाइन्छ भने अर्कोतिर त्यही आमाका सन्तान आफ्नो कर्तव्य र पारिवारिक दायित्त्वबाट पलायन भएको तथ्यलाई पनि यस कथाले स्पष्ट पारेको छ। यसरी कथाकारले दुई भिन्न-भिन्नै कथाका माध्यमाबाट नेपाली समाजको पारिवारिक जीवनमा देखिने अभिभावक र सन्तानमाझको सम्बन्धले कसरी एउटा परिवार विघटित हुँदै गइरहेका छन्, त्यो देखाउन खोजिएको बुझिन्छ।

- **इन्द्र सुन्दासका 'विधवाको छोरो' र 'नलिनी'**

यसरी नै कथाकार इन्द्र सुन्दासका 'विधवाको छोरो', 'नलिनी' आदि कथाहरूमा अभिभावक र सन्तानमाझकै सम्बन्धलाई चित्रण गरिएको पाइन्छ। 'विधवाको छोरो'

[३] रूपनारायण सिंह ( सन् १९७१), कथा नवरत्न, कर्नेल शमशेरजङ्ग सिंह प्रकाशक, खरसाङ, पृ ७

कथामा पतिको अकस्मात मृत्युले गर्दा विधवा भएकी आमा र उसको जीवनको एउटै सहाराको रूपमा रहेको छोरामाझ मधुर सम्बन्ध रहेको चित्रण गरिए तापनि छोराको मृत्यु देखाएर कथा कारुणिक बनिएको छ। ती विधवा आमाले छोरा ठुलो भएपछि सुखद् भविष्यको कल्पना गरेकी हुन्छ। तर अभागीको भाग्य खोटो भने झैँ दुर्घटनामा परेर एक्लो आशाको दियो छोरोको पनि मृत्यु हुन्छ। यस्ता मार्मिक घटनाको वर्णन कथामा यसरी गरिएको छ – '... त्यति बेलैं एउटा हावा-गाडी त्यहाँ आइपुग्यो। घुम्ममा गाडी रोक्ता-रोक्तै रनेलाई मिचिलाल्यो। रनेको एक प्राण त्यहीं गयो।'[४] सन्तानलाई नै सम्पूर्ण ठानेर जीवन निर्वाह गरिरहेकी विधवा आमा यसरी एक मात्र सहारा पनि नरहँदा मर्माहित बन्न पुगेकी छ। यस्तै प्रकारले उनको 'नलिनी' कथामा नेपाली समाजमा छोरी-चेलीको उमेर बढ्दै गएपछि अभिभावकका मनमा हुने सामान्य चिन्ता तर अति महत्त्वपूर्ण कुरालाई लिएर लेखिएको कथा हो। यस कथामा पनि अभिभावक र छोरीमाझको सम्बन्ध मधुर नै रहेको चित्रण गरिएको छ।

**■ शिवकुमार राईका 'मसिनीको संसार', 'बाबु छोरा' र 'आज आमा आउँदिन त'**

शिवकुमार राईका 'मसिनीको संसार', 'बाबु छोरा', 'आज आमा आउँदिन त' आदि कथाहरूलाई पनि यसै परिपाटीका कथा मान्न सकिन्छ। 'आज आमा आउँदिन त' कथा अति मर्महित देखिन्छ। कथाकारले यस कथामार्फत विधवा नारीले भोग्नुपर्ने अनेकौँ कष्टहरू देखाउँने प्रयास गरेका छन्। कथामा पतिको मृत्युले पिरोलिएकी तथा त्यसपछि सासु र नन्दबाट हेपिएकी नारीमाथि अझ आफ्ना स-साना दुई नानीहरूको पनि असिनाले पुरेर मरेपछि उमाथि झन सही नसक्ने दुःखको बज्रापात भएको मार्मिक कथा-व्यथा पाइन्छ। 'दिएको कुरो मंत्रवत थापेर खान्थी, अह्राएको काम गर्थी तर

---

[४] इन्द्र सुन्दास (सन् १९६७), रानी-खोला, नेपाली ग्रन्थ प्रकाशन, दार्जिलिङ, पृ ७७

लट्टिएकी रहन लागी। एक बिहान कता, हिंडी कता कसैलाई पत्तो भएन। कसैले भने, राधा पहाड फर्की रे, कसैले भने, राधा त पगली पो भएकी छ रे, कसैले भने कहाँ गएर मरी रे।'[५] अतः यसरी कथाको अन्त्यमा पीडा तथा कष्टहरू सहनु नसक्दा ऊ पगली भएर हिड्छ।

यसरी नै 'मसिनीको संसार' कथामार्फत आर्थिक विपन्नताग्रस्त जीवन अझ तह नमिलेको बन्दै दरिद्रतापट्टि नै क्रमशः जानुको मुख्य कारण मान्छेले रक्सी निरन्तर खानाले पनि हो भन्ने देखाउन खोजिएको छ। कसरी एउटा परिवारमा बाबुले रक्सी जस्ता नराम्रा पदार्थको सेवन गर्नाले परिवार नै बिथोलिन्छ त्यो कुरा यस कथामा चित्रित गरिएको छ। मसिनी एग्घार वर्षकी हुँदा नै दुई वर्षको काखे भाइलाई छोडेर उसकी आमा मरेकी थिई। आमाको मृत्युपश्चात् पनि बाबुले पारिवारिक दायित्त्वलाई नसम्झेर सधैं मातेर नै डुलिहिड्छ भने घरको सम्पूर्ण देखरेख मसिनीमाथि आइपर्छ। तर ऊ तेह्र वर्षकी हुँदा उसको बाबु पनि टिस्टा नदीमा परेर मर्छ। यसरी अभिभावकले आफ्नो परिवारको सही तरिकाले देख-रेख गर्न नजान्दा मसिनी कलिलै उमेरमा जीवनसँग सङ्घर्ष गर्न बाध्य भएकी छोरीको रूपमा चित्रित छ।

यसरी नै शिवकुमार राईको 'बाबु-छोरा' कथामा आर्थिक स्थिति कमजोर भएको गरिब अति दयानीय अवस्थाले पिरोलिएको बाबु चामे र छोरा सानेको मार्मिक कथा-व्यथा छ। कथामा झाँक्रीले मोच मारेपछि मात्रै बाँचेको सात वर्षे छोरा र बाबुको पारिवारिक जीवनको कारुणिक कथा-व्यथा पाइन्छ। आर्थिक स्थिति कमजोर हुनाका साथै बिमारले पनि पिरोलिएपछि चामे थालिएको छ भने सात वर्षे छोराले नै सकेसम्म बाबुलाई खोले पकाएर दिएको अति मार्मिक घटनाको वर्णन कथाकारले यसरी प्रस्तुत गरेका छन् – 'चामे तीन दिनदेखि ओछ्यान परेको थियो। सानेले जानी नजानी बाबुलाई खोले सम्म बनाएर दिन्थ्यो। उसलाई नरुचे पनि छोरो चाहिँको मन

५ शिवकुमार राई (सन् १९८७०), बडा डिनर, नेपाली साहित्य सम्मेलन, गान्तोक, सिक्किम, पृ ३२,३३

अँध्यारो होला भनीकन एक-दुई चमच खाइदिन्थ्यो।'[६] यसरी आफूले छोराको स्याहार-सुसार गर्नु पर्ने बेलामा छोराले आफूलाई स्यारेको देखेर चामे मनमनै यसो भन्छ – 'उसको स्याहार गर्नुपर्ने बेलामा उसले मेरो स्याहार गर्नुपर्दैछ। सानैमा आमा मरिदिएको हुनाले त्यसको स्याहार नै हुनसकेन, आँत छिनिएर गयो। म त नखाईकन पनि बसुँला तर यो नबालकलाई के गर्न एकहाते भयो, अरू कोहीसित बोल्न केही भन्न पनि सक्दैन, साह्रै निफर भएर गयो।'[७] यसरी बिमारी बाबुको मनमा छोराप्रति रहेको स्नेह, माया जस्ता कुराहरू उक्त प्रसङ्गबाट स्पष्ट भए तापनि एउटा परिवारमा आमाको अभावले गर्दा छोरा-छोरीको अवस्था कस्तो भएर जाँदछ सो कुरा पनि स्पष्ट हुँदछ। परिवारका सदस्यमाझ रहने एकाअर्काप्रतिको कर्तव्य, प्रेम, माया, स्नेहजस्ता भावनात्मक सम्बन्धलाई आर्थिक स्थितिले डगमगाउन सक्तैन भन्ने कुरा प्रस्तुत कथामा सात वर्षे छोराले बिमारी बाबुलाई खोले पकाएर दिएको, घरमा चामल नहुँदा गाउँको सरदार बाजेको घरमा कथा लगाएकोमा गएर आधा रातमा भए पनि बाबुलाई टपरामा एउटा रोटी, अपुँगो, सुन्तला, केरा र उखुका कुढकाहरू लिएर घरमा आएको तथा बाबुलाई गाउँकै रनधोजले हिर्काउँदा बाबुचाहिँले अझ कुटाइखाला भन्ने डरले घर जाउँ भनेर पक्रेको जस्ता घटनाहरूले स्पष्ट गर्दछ। यसका साथै यस्ता घटनाहरूले कथालाई मार्मिक तुल्याउनका साथै जीवन्त बनाइएको छ।

---

[६] शिवकुमार राई (सन् १९९१), यात्री, श्याम ब्रदर्स प्रकाशन, दार्जिलिङ, पृ २२

[७] शिवकुमार राई (सन् १९९१), यात्री, पूर्ववत्, पृ २२

## ■ इन्द्रबहादुर राईका 'चपरासी', 'भागी', 'एउटा दिनको सामान्यता', 'ब्ल्याक आउट, काजू बदाम, छोरा' र 'जन्ती'

कथाकार इन्द्रबहादुर राईका कतिपय कथाहरूमा पनि आमा-बाबु र सन्तानमाझको सम्बन्धलाई चित्रण गरिएको पाइन्छ। यसै परिपाटीमा लेखिएका उनका 'चपरासी', 'भागी', 'एउटा दिनको सामान्यता', 'ब्ल्याक आउट, काजू बदाम, छोरा' र 'जन्ती' आदि कथाहरूलाई प्रमुख मान्न सकिन्छ। 'चपरासी' कथामा बाबु रामलालले चपरासी काम गरेरै छोरा-छोरीलाई पढाएको हुन्छ भने छोरा पढेर ठुलो भएपछि बाबुको त्यही कामले गर्दा समाजमा उसलाई अरूको समक्ष लाज लाग्न थाल्छ । आमा चाहिँ पनि छोराकै पक्षमा कुरा गर्छन्। फलस्वरूप परिवारमा दिन-दिनै झैझगडा हुनथाल्छ भने अन्त्यमा रामलालले मृत्युलाई अङ्गालेर टिस्टाको बगरमा गएर आत्महत्या गरेको घटनालाई कथामा यसरी राखिएको छ - 'रामलालको मनभित्र कता कता दुःख जोडले बजिरहेको थियो। तर टिस्टामा मर्ने हर्ष उसलाई साँच्चै लागिरहेको थियो। रेलिङमाथि चढेर उसले अन्तिम प्रार्थना गऱ्यो - हामफालेर खस्दा-खस्दै म नमरिहालुँ, टिस्टा, म तिम्रो पानीमा मर्न पाऊँ!'[८] दुई दिनपश्चात् रामलालको मृत शरीर फेला पारेपछि उसकी स्वास्नीले यसो भन्छे – 'ऊ बाँच्दा पनि हामीलाई लाजै थियो, यसरी मरेर झन् पछिसम्मैलाई लाज पारिदियो।'[९] यसरी जीवनभर खटेर आफ्नो पारिवारिक दायित्व बुझेर घर-परिवारलाई नै आफ्नो जीवन समर्पित गरे तापनि रामलालले मृत्युपश्चात् पनि आफ्ना परिवारका सदस्यहरूबाट नराम्रो वचन नै पाएको छ। यसको विपरित

[८] इन्द्रबहादुर राई (सन् २००४), चपरासी, विजयकुमार राई (सम्पा), इन्द्र सम्पूर्ण (डा इन्द्रबहादुर राईका सम्पूर्ण कृतिहरू), निर्माण प्रकाशन, नाम्ची, सिक्किम, पृ ७८

[९] इन्द्रबहादुर राई (सन् २००४), चपरासी, विजयकुमार राई (सम्पा), इन्द्र सम्पूर्ण( डा इन्द्रबहादुर राईका सम्पूर्ण कृतिहरू), पूर्ववत्, पृ ७९

'भागी' कथामा छोराले गाई पालेर दूध बेचेर नै मत्तु बाबु र परिवारको जीविका चलाइरहेको चित्रण पाइन्छ। 'ब्ल्याक आउट, काजू बदाम, छोरा' र 'जन्ती' कथाहरूमा बाबु-छोरामाझ मधुर सम्बन्ध रहेको चित्रण पाइन्छ। 'ब्ल्याक आउट, काजू बदाम, छोरा' कथामा बिमारी छोराले काजू, बदाम खाने इच्छा गर्दा बाबुले आफ्नो जीवनमा अहिलेसम्म कहिलै नखाएको काजू छोराको निम्ति किनेर ल्याएको प्रसङ्गले बाबुको छोराप्रति रहेको माया, प्रेम आदि झल्किँदछ। यस्तै प्रकारले 'जन्ती' कथामा पनि छोराको मङ्गनी बिहे गर्न पाउँदा हर्षित हुँदै जन्तीहरूसँग बाबु खुशी मनाउँदै नाचेको प्रसङ्गले अभिभावक र सन्तानमाझ मधुर सम्बन्ध रहेको बुझिन्छ। यसरी नै 'एउटा दिनको सामान्यता' कथामा बाबु आफ्नी छोरीसँग कोठे रिङपाट खेलेको चित्रणले अभिभावक र सन्तानमाझ मधुर सम्बन्ध नै रहेको प्रतीत हुँदछ।

**■ लीलबहादुर क्षत्रीका 'आशाको दियो निभ्यो' र 'मुँगाको चोलो'**

कथाकार लीलबहादुर क्षत्रीका 'आशाको दियो निभ्यो', 'मुँगाको चोलो' आदि कथालाई पनि यसै परिपाटीअन्तर्गत राखेर अध्ययन गर्न सकिन्छ। उनको 'आशाको दियो निभ्यो' कथामा एउटी आमाको असिमित दुःख-कष्टहरू देखाइएको छ। एउटी विवाहित नारीलाई सबैभन्दा खुशी आफ्नो परिवारको सुखमा नै रहेको हुन्छ। तर त्यही परिवारका सबै सदस्य नै रहेनन् भने उनी कति करुण बन्दछे त्यो कुरा यस कथामार्फत् बुझ्न सकिन्छ। पतिको अकस्मात मृत्युको घाउ आलो नै भएको बेला आफ्नो काखे नानीको पनि मृत्यु भइदिन्छ। यस्तो कारुणिक कथा-व्यथाको चित्रण कथामा यसरी गरिएको छ – 'जीवनमा पहिलोपल्ट उसलाई अन्धकारको अनुभव भयो, जब उसलाई भाग्यको काखमा सुम्पी, उसको पति परलोकवासी भयो। उसको शोकको त्यहीं अन्त भएन। उसका रहे-सहेको आशा, उमङ्ग सबैले हार खाए, जब उसको एकमात्र बालक

छोरालाई दैवले आमाको काख छुटायो।'[१०] यस्तो मरणावस्थामा परेकी भए तापनि आफ्नो एक मात्र सहाराको रूपमा रहेकी छोरी झुम्कीलाई हेरेर उसले जीउने निर्णय लिन्छे। तर अभाग्यवश केही समयपश्चात् झुम्कीको पनि मृत्यु हुन्छ। यसरी यस कथामा एउटी पत्नी, एउटी आमा तथा एउटी नारीको यौवनावस्थामै अति दयनीय दुर्घटनाहरू घटेर एउटा परिवार विघटन भएको कारुणिक जीवन व्यथा पाइन्छ। उनको 'मुँगाको चोलो' कथामा आर्थिक विपन्नताले गर्दा एउटी विधवा आमाले मुँगाको चोलो समेत किनेर लगाउन नसकेको परिस्थिति देखाइएको छ। कथामा आमा-छोरामाझ मधुर सम्बन्ध रहेको देखाइएको छ।

**■ जय धमालाको 'हिप्पीवाद'**

कथाकार जय धमालाको उक्त कथामा पनि पारिवारिक जीवनमा देखिने परिवारको विघटनमा वर्तमानका प्रमुख कारणहरूमध्ये एउटालाई टिपेर लेखिएको देखिन्छ। अतः प्रस्तुत कथामा छोरा कुबाटोमा लाग्नले एउटा परिवार कसरी विघटित भएर जाने सम्भावनाहरू रहँदछ त्यसलाई स्पष्ट रूपमा उद्घाटित गरिएको छ। यसमा दार्जिलिङका निम्नमध्यमवर्गीय नेपाली परिवारलाई टिपिएको छ। कथामा चित्रित बाबु सरकारी साधारण कर्मचारी हुन्। यसो भए तापनि आफ्नो एक्लो छोरो कुमारले जस्तोसुकै इच्छा तथा मागहरू गरे पनि पूरा गरिदिने प्रवृत्ति भएको पिता देखिन्छ। दृष्टान्तको रूपमा कथामा कुमारले भनेको निम्न वाक्यलाई लिनसकिन्छ – 'मेरो प्रत्येक रहरका चीजहरूका लागि पिताजीले पूरा खर्च गर्नुहुन्छ। उहाँ भन्नुहुन्छ – केटाकेटीहरूले जे गर्न माग्छन् दिनुपर्छ, यिनीहरूका हृदयमा आघात पुऱ्याउनु हुँदैन नत्र यिनीहरूका बुद्धि विकासमा बाधा पर्छ...।' 'पिताजीलाई सहजतया बुझाइदिन्छु 'यो आधिनिकतम

[१०] लीलबहादुर क्षत्री (सन् १९८३), तीन दशक : बीस अभिव्यक्ति, पङ्कज पल्लव प्रकाशन, गौहाटी, पृ २६

स्टायल हो।' समझदार पिता पनि बुझिहाल्नुहुन्छ।'[११] प्रस्तुत वाक्यांशबाट एउटा बाबुको आफ्नो सन्तापप्रति रहने कर्तव्य तथा स्नेह देखिन्छ भने अर्को चाहिँ बाबुको त्यही कुराको फाइदा उठाउँदै हिड्ने छोराको रूपमा कुमारको चरित्र पनि स्पष्ट हुँदछ। छोरा कुमारले आफूले आफैलाई हिप्पी भएको प्रमाणित गर्दछ भने त्यसैकारणले गर्दा परिवार विघटनतर्फ निरन्तर अघि बढेको देखिन्छ। वास्तवमा कथामा चित्रित परिवारको विघटन हुनुको मुख्य कारण पनि कुमारले गरेको विदेशी हिप्पीवादको अनुकरण नै रहेको देखिन्छ।

**■ थीरुप्रसाद नेपालका 'बन्टी र म हेरिरहेका छौं' र 'बमजन बूढाको कथा'**

थीरुप्रसाद नेपालले 'बन्टी र म हेरिरहेका छौं' र 'बमजन बूढाको कथा' आदि कथाहरूमा बाबु-छोराको मधुर र कटु दुवै प्रकारका सम्बन्धलाई चित्रण गरिएको छ। 'बन्टी र म हेरिरहेका छौं' कथामा बन्टीकी आमाको मृत्यु भइसकेको छ भने बाबु र बन्टीमाझ मधुर सम्बन्ध रहेको पाइन्छ। बाबु आफिसमा काम गर्ने हुनाले छोरोलाई दिनभरि छिमेकीको घरमा छोड्ने गर्छन्। एउटी नारीको ममताको अभावमा बन्टी दिनदिनै कुसङ्गतमा लाग्न थाल्छ औँ गोजीमा खैनीको बट्टा पनि राख्न थाल्छ। यस कुराले चिन्तित बाबु अब बन्टीकै निम्ति भए पनि दोस्रो विवाह गर्ने विचार गर्न थाल्छ। यसरी नारीबिना पुरुषले मात्रै सन्तानलाई सही मार्गदर्शन गर्न नसक्ने कुरा बन्टीको बाबुको विवशताबाट स्पष्ट हुन्दछ। उनको अर्को कथा 'बमजन बूढाको कथा' बाबु-छोराहरूमाझ कटु सम्बन्धलाई लिएर लेखिएको छ। बाबु परम्परावादी छ भने तीन छोरा र बुहारीहरू आधुनिकतावादी छन्। अतः कथाले परम्परावादी र आधुनिकतावादी विचारधाराका व्यक्तिहरू कहिले पनि एकै घरमा बस्न सक्तैन भन्ने कुरालाई इङ्गित गरिएको पाइन्छ। यसरी परिवारका सदस्यमाझ विचार, भावनादेखि

[११] दयारत्न शा भि (सम्पा), सन् सन् १९८५, धमालाका कथाहरू, शुभ लक्ष्मी प्रकाशन, कालेबुङ, पृ १३

रखान-धरान समेतमा अन्तर देखापरेपछि परिवारको विघटन हुनु स्वभाविकै हो। यस कथामा पनि यस्तै भएको पाइन्छ। यस्ता कुराहरूको चित्रण कथामा यसरी गरिएको छ – 'घरको बैठक कक्षको भित्तातिर अंग्रेजी, हिन्दी बाइस्कपका छाडा, छाडा नांगा केटीहरूको चिल्लो नौनी जस्ती पिढ्ला भएको नक्सा टालिएका थिए। बमजन बूढालाई ती नक्साहरू च्यातिदिउँ च्यातिदिउँ लागेको थियो र छोरा टुर गएको बेला उनले ती नक्साहरू डाङ्डुङ च्यातिदिए र त्यसको ठाउँमा तोक्मा, ढाकर, मादल, डम्फू झुण्ड्याइदिए र भानुभक्त, मोतीराम र गाँन्धीका ठूलाठुला नक्सा टाँलिदिए। सरकारी टुरबाट फर्केर आएपछि छोरा रीसले बम भयो उसले टुप्पीबाट धुँवा उगेल्यो कसले झुण्डायो यो थोत्रा मोत्रा 'अनवान्टेड' चीजहरू यहाँ र कसले टाल्यो यी 'अनसिभिलाइज्ड' ब्याक डेटेड बूढाहरूको नक्सा।'[१२]

## ■ भगीरथ रावतका 'कोही यहाँ विवश बनेपछि...' र 'स्टाइपनमा मोज'

कथाकार भगीरथ रावतका 'कोही यहाँ विवश बनेपछि...' र 'स्टाइपनमा मोज' आदि कथाहरू अभिभावक र छोरीहरूमाझको सम्बन्धलाई लिएर लेखिएका पाइन्छन्। 'कोही यहाँ विवश बनेपछि...' कथामा आमा र छोरीमाझ मधुर सम्बन्धको चित्रण गरिएको छ। यस कथामा पतिले सौता लिएर आसाम गएपछि नफर्केको तथा दार्जिलिङमा पत्नी र छोरी दरिद्रताले पिरोलिएका छन्। आमाले कुल्ली काम गरेर छोरीलाई पढाइ रहेकी थिई। छोरीले पनि फाइनल पास गरेर आमाको ऋण तिर्ने इच्छा राख्छ र राम्रै श्रेणीमा उत्तिर्ण हुन्छे। तर अभाग्यवश परिक्षा फल आएकै दिन स्कुलबाट फर्किन्दा दुर्घटनामा परेर छोरीको मृत्यु हुन्छ। छोरीको मृत्यु सुनेर एक्ली भएकी आमा पनि मर्छिन्। यसरी एउटा परिवारको कारुणिक रूपले अन्त्य भएको देखिन्छ। 'स्टाइपनमा मोज' कथामा भने अभिभावक र सन्तानमाझ कटु सम्बन्ध रहेको

---

[१२] थीरू प्रसाद नेपाल (सन् १९९५), उकाली ओह्लाली, बिशाल प्रिन्टिङ प्रेस, जोरथाङ सिक्किम, पृ १००

पाइन्छ। यस कथामा गाउँका तीन युवतीहरू कालेबुङ कलेज पढ्न गएपछि सहरको हावा लागेर कसरी सोझा आमा-बाबाहरूलाई घृणाको दृष्टिले हेर्ने गर्छन् भन्ने कुरालाई देखाउन खोजिएको छ। यसरी कथाकारले उक्त कथाहरूबाट नेपाली समाजमा रहेका पारिवारिक जीवनमा देखिने अभिभावक र सन्तानमाझ रहेका मधुर र कटु दुवै प्रकारका सम्बन्धलाई प्रस्तुत गरेका छन्।

**■ श्रीमती खिरोदा खँड्काको 'प्रायश्चित'**

श्रीमती खिरोदा खँड्काको 'प्रायश्चित' कथामा आमा लक्ष्मी र छोरी मोतीमाझको सम्बन्धलाई देखाइएको छ। यस कथामा बाबु विदेशमै दोस्रो विवाह गरेर बसेको हुन्छ भने यता आमा-छोरीको आर्थिक स्थिति अति दयनीय देखिन्छ। कथामा आमाको मनमा सन्तानको भविष्यलाई लिएर हुने सामान्य चिन्ता प्रस्तुत कथामा आमा पात्रको माध्यमबाट यसरी प्रस्तुत गरिएको छ – 'छोरा-छोरी ता बालाखा हुँदा नै सजिलो, जति ठुलो हुँदै गए उति उनीहरूको महङ्गो माग पनि बढ्दै जाने, भएन बिग्रने, नासिने डर एवम् चिन्ता पनि आमा-बाबुले बोकिरहन पर्ने। तर... जे जस्तो भए तापनि हामीले माया पाइने त छोरा-छोरीबाटै हो। सन्तान जस्तो ठुलो धन अरू केही होइन यदि कुबाटोमा लागिदिएनन् भने तर के... गर्नु अहिलेको विषाक्त हावाबाट जोगाउनु पो कसरी?'[१३] यसरी अनेकौँ चिन्ताग्रस्त आमाले घरको आर्थिक परिस्थितिबारे छोरीलाई कहिले पनि भनकी हुँदैन। अतः छोरी जति-जति ठुली हुँदै गई त्यति नै उसको मागहरू बढ्दै गएको देखिन्छ। आमाले मरणावस्थामा मामालाई लेखेको पत्र छोरी मोतीले पढेपछि मात्रै आमाले बारम्बार 'मानिसलाई राम्रो देख्ने त उसको शीलस्वभाव, काम, चाल, चलन र चरित्र हो लुगाफाटा होइन' भनेर भनिरहने वाक्यको अर्थ बुझ्छे औँ

[१३] खोरोदा खडका (सन् २०१३), प्रायश्चित, पी एम खनाल (सम्पा), कथा सङ्ग्रह, जनपक्ष प्रकाशन, गान्तोक, सिक्किम, पृ ८७

आमाको मृत्यु भएपश्चात् उसले प्रायश्चित गरेकी छ। अतः आमा-छोरीमाझ कटु र मधुर दुवै सम्बन्ध रहेको देखिन्छ।

**■ विन्ध्या सुब्बाको 'परी'**

यसरी नै विन्ध्या सुब्बाको 'परी' कथामा पोलियोग्रस्त छोरीको भविष्यलाई लिएर चिन्तित परिवारको दयनीय अवस्थाको चित्रण पाइन्छ। शारीरिक रूपले विकलङ्ग भए पनि आमा-बाबुले छोरीलाई धेरै पढाउने निर्णय लिएकोबाट अभिभावक र छोरीमाझ मधुर सम्बन्ध रहेको देखिन्छ।

यसरी नै कथाकार प्रदीप गुरुङको 'अवरोह' र सञ्जय विष्टाको 'वर्तमान' आदिका कथाहरूमा जवान छोराहरू ड्रग्स सेवनतर्फ लागेर अभिभावकहरूलाई दिनसम्मको दुःख, कष्ट दिइरहेको चित्रण पाइन्छ। यस कुरालाई यहाँ अध्ययन गरी प्रस्तुत गरिन्छ -

**■ प्रदीप गुरुङको 'अवरोह'**

कथाकार प्रदीप गुरुङको 'अवरोह' कथामा छोरा दिवस ड्रग्स सेवनतर्फ लागेपछि बाबुको स्वास्थ्य बिग्रिन्दै गएको देखिन्छ। एउटै छोरा दिवसले पढाइलाई लत्याएर नशाग्रस्त भई घर छाड्दै बाहिर कुसङ्गतमा लागेर हिँड्न थालेपछि मानसिक चोट बाबुले सहनु नसक्ता बिमारी हुना थालेको देखिन्छ। डाक्टरहरूले पनि बाबुलाई ब्लड क्यान्सर भएको शङ्का गरेका छन्। यी सबै कुरा छोरालाई थाहा हुँदा-हुँदै पनि उसले आफ्नै घरबाट पैसा चोर्न थाल्छ भने कथाको अन्त्यमा चोरीको मुद्धामा दिवस र उसको साथी पक्रा परेको छ भने त्यही रात घरमा बाबुको पनि मृत्य भएको चित्रण गरिएको छ। अतः आमा-बाबुको मन छोरा-छोरी माथि छोरा-छोरीको मन ढुङ्गा-मुढामाथि भने झैँ छोरालाई आफ्ना आमाबाबु तथा घर-परिवारबारे केही चिन्तै नरहेको अथवा उसलाई नशालु पदार्थको सेवन गर्न पाए भइ गयो भने झैँ प्रतीत हुँदछ।

■ **सञ्जय विष्टको 'वर्तमान'**

कथाकार सञ्जय विष्टको 'वर्तमान' कथालाई यस क्षेत्रको उत्कृष्ट कथाहरूमध्ये एक मान्न सकिन्छ। यस कथामा एउटा लाचार तथा विवश बाबुको दयनीय अवस्थाको चित्रण गरेको छ। कथामा बाबु आफैले आफ्नो छोराको लागि एक क्वाटर रम बोकेर घरतर्फ लागेको चित्रण छ। यस कथामार्फत् कथाकारले सन्तान नशालु पदार्थको सेवनमा लागेपछि एउटा परिवार कसरी क्रमशः गरिबीमा पुग्छ औँ खण्डित एवम् वियोजित बन्छ, त्यस प्रक्रियालाई उद्घृत गरिएको छ। कथामा छोराले नशालु पदार्थहरू खाना थालेर आफ्नो जीवन नष्ट गरिरहेको देखिन्छ भने बाबु चाहिँ कथाको अन्त्यसम्म पनि छोरा ड्रग्स सेवनदेखि विमुख बन्ने आशा गरेको चित्रण छ। यसर्थ, आफूले जीवनभर कहिले नपिउने गरेको एक क्वाटर रम ज्याकेटभित्र लुकाएर अफिसदेखि घर फर्किएको एउटा लाचार बाबुको रूपमा पदमबहादुर उभिएका छन्। यसलाई कथामा यसरी राखिएको छ – 'ज्याकेटको देब्रेपट्टिको ठुलो भित्री गोजीभित्र भर्खर किनेको एक क्वाटर रमको शिशी हालेको छ पदमबहादुरले। समाएको पनि छ उसले छात्तीमा टाँसिएको त्यसलाई बाहिरबाट दाहिने हातले। एउटा पराजित बाबु तर अझ विजयको आशा र अस्वस्थ छोराको निम्ति औषधि बोकेर यो साँझमा अफिसबाट घर फर्किरहेछ।'[१४] यसरी कथामा छोराको स्थिति जति नै बिग्रिएको भए तापनि बाबु आफ्नो छोराप्रति समवेदी नै बनेको देखिन्छ।

यस्तै प्रकारले कथाकार पूर्ण राईका 'सिमलको भुवा', 'निर्णय', 'ज्वार भाटा', 'आमाको चिट्ठी आमालाई' र 'एउटा उज्यालो-उज्यालोको कथा', एम पथिकका 'जीवनको एउटा दुःखान्त' र 'जीवनका मोडहरू', गीता उपाध्यायको 'जन्मदिन', विन्ध्या सुब्बाको 'शीतलहर', प्रकाश हाङ्खिमका 'आफ्नै शरीरको सामु' र 'टुक्रेर टुक्रन

---

[१४] सञ्जय विष्ट (सन् २००७), अस्ताचलतिर, निर्माण प्रकाशन, नाम्ची, दक्षिण सिक्किम, पृ ११

नसकेको मन', भीम दाहालका 'रूटिन बलेको बाबु होइन' र 'मेरो मनको साइनो : तिम्रो मनलाई', कमला आँसुको 'प्रवल आस्था' आदि कथाहरूलाई पनि यसैअन्तर्गत राखेर अध्ययन गर्न सकिन्छ। यी कथाहरूमा पनि आमा-बाबु र छोरा-छोरीमाझ कतै मधुर सम्बन्ध त कतै कटु सम्बन्धको चित्रण गरिएका छन्। यसरी नै अन्य कथाकारहरूका कतिपय कथाहरूलाई पनि यसअन्तर्गत राखेर अध्ययन गर्न सकिन्छ।

**आ) सासू-बुहारीमाझको सम्बन्धमा आधारित आधुनिक भारतीय नेपाली कथा**

सासू-बुहारी सम्बन्ध पनि मूलतः मधुरतापूर्ण र कटुतापूर्ण गरी दुइ प्रकारका हुन्छन्। आधुनिक भारतीय नेपाली कथामा चित्रित सासू बुहारीको सम्बन्धलाई नियाल्दा प्रायः जसो कटुता नै रहेको पाइन्छ। यद्यपि कतिपय कथाकारहरूले भने सासू बुहारीबिचको मधुर सम्बन्धको चित्रण पनि आफ्ना कथामा गरेका छन्। यसैक्रममा केही कथाकारहरूका कथालाई यहाँ उदाहरणस्वरूप लिएर अध्ययन गरिन्छ-

**■ इन्द्र सुन्दासको 'अबला, दुर्बला'**

कथाकार इन्द्र सुन्दासको 'अबला, दुर्बला' कथामा सासू-बुहारीबिचको कटु सम्बन्धलाई चित्रण गरिएको छ। कथामा खड्गमायाको विवाह भएको धेरै वर्ष बिते तापनि कुनै जैजन्म नभएको कारण सासू, ससुरा लगायत नन्दद्वारा अपमानित हुनपरेको वर्णन कथामा यसरी गरिएको छ – 'बिहा भएको डेढ दुइ वर्ष बितेर पनि उबाट जयजन्म हुने लक्षण देखिएन। निहुँ यही भयो, त्यसमाथि आइमाई मध्ये रहेको परम्परागत डाहले ता पर्खिरहेकै थियो, मौका सरासर पायो। अनि ता उ अचानो भई ... सासू ता भइभई,

नन्दको मुखबाट पनि बाँझी, थारी, ध्वाँसी भन्ने दुर्वचन लगातार निस्किरहन्थे।'[१५] यसैले उसले घर छोडेर माइतमै बस्न थाल्छ। निसन्तान हुनाले एउटा सुखद् परिवार विघटनतर्फ लाग्दछ भन्ने कुरा यस कथाले बुझाउँदछ।

### ■ शिवकुमार राईको 'प्रकृति पुत्री'

यसरी नै कथाकार शिवकुमार राईको 'प्रकृति पुत्री' कथामा पनि सासू-बुहारीबिचको कटु सम्बन्धको चित्रण गरिएको पाइन्छ । दृष्टान्तका रूपमा यस वाक्यांशलाई अघि सार्न सकिन्छ – 'चम्पाको चुल्ठोमा समातेर कोठाभित्र ल्याएपछि पटापट दुईचार झाँपट कसी, अनि मात्र बोली – चाण्डालनी, डङ्किनी, तँ हाम्रा आँखामा धूला फ्याँक्न चाहन्छेस्। छोरा घर छैन भनेर तेरो यो फुर्फरी। जा राँड, घस्की, तँलाई म राख्न चाहन्नँ। मेरो आधा मासु पारिसक्यो। कुन दिनमा यो खप्परे बजियाले यो राँडलाई नासो राख्न ल्याइदिएछ। अघि नै मैले यसको रङ्गढङ्ग हेरेर खप्परे मुर्दालाई तेरी जोईलाई जहाँ मन पर्छ लैजा भनेकी थिएँ। बूढी खूबै उफ्रन लागी। चम्पाले बूढीको उफ्राइको अर्थ बुझीन – शायद मस्यौरा पोखियो भनेर होला भन्ठानी।'[१६] यस कथामा बुहारीप्रति सासूको क्रुर व्यवहारले गर्दा एउटा दाम्पत्य जीवन नष्ट भएर गएको देखिन्छ।

---

[१५] इन्द्र सुन्दास (सन् १९८९), रोमन्थन, श्याम प्रकाशन, दार्जिलिङ, पृ ३३

[१६] शिवकुमार राई (सन् १९६७), फ्रण्टियर, पी एम प्रधान एन्ड सन्स् प्रकाशन, कालेबुङ, पृ ८

### ■ पूर्ण राईको 'आजकल ऊ यहाँ पनि छैन'

यस्तै प्रकारले कथाकार पूर्ण राईको 'आजकल ऊ यहाँ पनि छैन' कथामा सासू-बुहारीको कटुतापूर्ण सम्बन्धलाई नै चित्रण गरिएको छ। अकालै पतिको मृत्यु भएमा एउटी नारीलाई नै दोष्याउँदै नाना थरीका पीडा कष्टहरू दिनथाल्ने सामाजिक यथार्थ कथामा पाइन्छ। 'मदनको मृत्युपछि विधवा भएकी सानुले सासू र नन्दबाट सकेसम्मको पीडा सहनु पर्छ। 'यो बोक्सीको एउटै ढङ्ग छैन, त्यसको पोइको माया भए पो घरको याद गर्छ, कुन जुनीमा यो अलच्छिनीलाई ल्याएछु, खालिस, भोलिदेखि दूध र भात अलच्छिनी डंकिनी केन आमाकै गर्भमा तुहिएन बजिनी ...।'[१७] यसरी कथामा मदनको मृत्युपछि विधवा भएकी सानु आफ्ना सासू र नन्दबाट सकेसम्मको अवहेलित भएकी छ। फलस्वरूप सानु पगली भएर यताउता हिँड्छे र कथाको अन्त्यमा भने उ लापत्ता नै भएकी छ।

### ■ रामबहादुर राईको 'जीवन रेखा'

यसरी नै कथाकार रामबहादुर राईको 'जीवन रेखा' कथा पनि सासू र नन्दद्वारा अवहेलित बुहारीको कथा-व्यथा पाइन्छ। यस कथामा एउटी नारीको पति राम्रै भइन्ज्याल आर्थात् पतिको मृत्यु नभइज्यालसम्म मात्रै सासू तथा नन्दले माया जताउँछन् भन्ने कटु सत्यलाई चित्रण गरिएको छ। कथामा सासू, नन्द र बुहारीमाझ मधु र कटु दुवै सम्बन्ध रहेको चित्रण गरिएको छ। कथामा शिक्षित बुहारी रेखालाई छोरा जीवनले भित्र्याएको देखेर पहिला त सासू र नन्दले एक्दमै प्यारो गर्छन्। तर पल्टनबाट छोराको मृत्यु भएको खबर आएपछि सासू र नन्दको व्यवहारमा पनि परिवर्तन आउँछ। सासू-नन्द दुवैले रेखालाई दिन रात कचकच गर्न थाल्छ औँ घरबाट

[१७] पूर्ण राई (सन् १९८५), गल्ली गल्ली क्रान्तिको उद्घोषणा, क्वालिटी स्टोर्स नेशनल हाइवे, गान्तोक, सिक्किम, पृ ५४

निस्केर जाइहाल भनेर नराम्रा नराम्रा वचनहरू सुनाउँथ्यो। एकदिन दुवै आमा र छोरी भएर बुहारीलाई बलजफती निर्ममतापूर्वक घरबाट निकालिदिन्छन्।

### ■ भानु छेत्रीको 'जमिनदारको आशीर्वाद'

कथाकार भानु छेत्रीको 'जमिनदारको आशीर्वाद' कथामा सासू र बुहारीबिचको सम्बन्धमा कटुता नै रहेको देखिन्छ। सासूले आफ्नो छोरा नपुंसक भएको अर्थात् नानी जन्माउने क्षमता नभएको थाहा हुँदा-हुँदै पनि बुहारीलाई यो कुराबाट वञ्चित राख्छन्। छोरालाई डाक्टर देखाउनुको सट्टा बुहारीलाई पो गाउँको जमिनदारसँग शारीरिक सम्बन्ध बनाएर अरूको समक्ष छोराको इज्जत कायम राख्ने कुरा गर्छन्। तर बुहारीले यो अस्वीकार गरेर माइत जान्छ। यसरी प्रस्तुत कथामार्फत् कथाकारले नेपाली समाजमा बुहारीलाई हेप्ने अनेकौँ कारणहरूमध्ये उक्त कारण पनि एउटा प्रमुख हो भन्ने कुरा देखाउने प्रयास गरेका छ।

### ■ विन्ध्या सुब्बाको 'पलाश फुल्नलाई वसन्त पर्खंदैन'

यसरी नै विन्ध्या सुब्बाको 'पलाश फुल्नलाई वसन्त पर्खंदैन' कथामा अकालै पतिको मृत्यु भएपछि विधवा नारीलाई ससुरालीबाट पोई टोकूवा, अलच्छिनी जस्ता लञ्छनाहरू लगाएर अवहेलना गरेको घटनाको चित्रण यसरी गरिएको छ – 'साईकलमा गइरहेको उसको लोग्नेलाई पछिबाट बेगले आएको ठुलो मोटरले पछारेर भागेछ। कैयौं दिनसम्म अचेत भएपछि प्राण गयो रे उसको। माइतमा छोडिराखेर फेरि कोही लिन आएनन् उसलाई। सुनें लोग्नेको मृत्युपछि कैयौं लाञ्छनाहरू सही उसले,

पोई टोकूवी, अलच्छिनी इत्यादि इत्यादि।'[१८] यसरी विवाहीत नारीलाई पतिको मृत्युपश्चात् एक्ली बनाइएको कारुणिक कथा-व्यथा पाइन्छ।

अतः कथामा चित्रित सासू-बुहारीबिचको सम्बन्धमा कटुता नै देखिन्छ। यसरी नै अन्य कथाकारहरूका कथामा चित्रित सासू-बुहारीमाझको सम्बन्धमा धेरजसो कटु सम्बन्धलाई नै चित्रण गरिएको पाइन्छ।

## इ) सौतेनी आमा र सौता सन्तानमाझको सम्बन्धमा आधारित आधुनिक भारतीय नेपाली कथा

आधुनिक भारतीय नेपाली कथामा चित्रित सौतेनी आमा र सौता सन्तानमाझ देखिने कटुतापूर्ण र मधुरतापूर्ण सम्बन्धलाई नियाल्द मुख्यतः कटुता नै रहेको पाइए तापनि मधुरता पनि रहेको पाइन्छ।

### ■ इन्द्र सुन्दासको 'सेमिट्रीबाट फोन'

कथाकार इन्द्र सुन्दासको 'सेमिट्रीबाट फोन' कथामा सौतेनी आमा र सौता सन्तानमाझ मधुर सम्बन्ध रहेको पाइन्छ। दिदीको मृत्युपश्चात भेना विल्फ्रेडसँग लीलाले विवाह गरेपछि दिदीद्वारा जन्मिएका सौता सन्तानहरूकी आमा बनेकी छ। उसले सौता सन्तानलाई स्नेह र माया गरेको चित्रण कथामा यसरी राखिएको छ – 'दिदीको छोरो नोयललाई उसले जुन प्रकारले स्याहार-सम्भार गर्नलागी, सो देख्नेलाई लाग्थ्यो,

[१८] विन्ध्या सुब्बा (सन् २००३), हस्पिस, वसुधा प्रकाशन, दार्जिलिङ, पृ १८

उसकी जननी उही हो, अरू कोही हुनै सक्तैन।’[१९] यस चित्रणले कतै पनि ऊ सौतेनी आमा हो जस्तो भान हुँदैन।

**■ समीरण छेत्री ‘प्रियदर्शी’को ‘साना बाबु’**

यसरी नै कथाकार समीरण छेत्री ‘प्रियदर्शी’को ‘साना बाबु’ कथामा सौतेनी आमा र कान्छा बाबु तथा सौता सन्तानबिचको सम्बन्धमा मधुरता नै रहेको चित्रण गरिएको छ।

**■ लीलबहादुर क्षेत्रीको ‘वास्तविकता’**

कथाकार लीलबहादुर क्षेत्रीको ‘वास्तविकता’ कथामा सौतेनी आमाले सौता सन्तानमाथि गरेको नराम्रो व्यवहारलाई देखाइएको छ।

**■ जगन्नाथ प्रधानको ‘ब्याहुली हुने रहर’**

यस्तै प्रकारले अर्को कथाकार जगन्नाथ प्रधानको ‘ब्याहुली हुने रहर’ कथामा सौतेनी आमाले सौता सन्तानप्रति गरेको कटु व्यवहारलाई चित्रण गरिएको छ। यस कथामा गाउँ घरका सबै दौतरीहरूको विवाह भएको देखेर मन्दिरालाई पनि विवाह गर्ने रहर मनमा रहेको हुन्छ। तर उसकी सानी आमाले भने ‘जन्मँदै आमा टोक्ने अलच्छिनीलाई कसले विवाह गर्छ र!’ भनेर उसको विवाहको कुरै गर्दिनन्।

यसरी सौतेनी आमा र सौता सन्तानमाझको सम्बन्धमा आधारित भारतीय नेपाली कथाहरूको अध्ययन गर्दा कतिपय कथाकारहरूले कटु सम्बन्ध देखाएका छन्

---

[१९] इन्द्र सुन्दास (सन् १९६७), रानी-खोला, नेपाली ग्रन्थ प्रकाशन, दार्जिलिङ, पृ ४५

भने कतिजनाले मधुर सम्बन्धलाई देखाएका छन्। समग्रमा नेपाली समाजमा रहेका पारिवारिक जीवनलाई नियाल्दा अनेकौँ परिवारमा सौतेनी आमा र सौता सन्तानहरू रहेको पाइन्छ। अतः कथाकारहरूले आ-आफ्ना कथामा कथाको बुनोट तथा परिवेशअनुरूप नै उक्त सम्बन्धको चित्रण पनि गरेको बुझिन्छ।

### ई) चेली-माइतीमाझको सम्बन्धमा आधारित आधुनिक भारतीय नेपाली कथा

दिदी, भाइ तथा दाजु, बहिनी वा दिदी-बहिनी, दाजु-भाइबिचको सम्बन्धलाई लिएर लेखिएका आधुनिक भारतीय नेपाली कथाको अध्ययन गर्ने क्रममा यहाँ निम्न कथाहरूलाई अघि सार्न सकिन्छ –

#### ▪ रूपनारायण सिंहको 'अन्नपूर्णा'

प्रस्तुत कथाको थालनी "भोक लाग्यो- 'दिदी, केही खाने कुरा देउन' भन्दै एउटा सुन्दर बालकले प्रेमपूर्वक दिदीलाई अँगालो हाल्यो।"[२०] भनेर गरिएकोबाट नै यो कथा दिदी-भाइमाझको सम्बन्धलाई लिएर लेखिएको हो भन्ने कुरा स्पष्ट हुँदछ । अन्नपूर्णा सानै हुँदा आमा-बाबुको मृत्यु भएपछि भाइलाई लिएर काका-काकीसँगै पितृगृहमै बस्छे। काकीले आफूमाथि अत्यचार गरे तापनि अन्नपूर्णाले सहिरहेकी थिई तर उसको भाइमाथि पनि क्रुर व्यवहार गर्न थालेपछि अन्नपूर्णाले भाइलाई लिएर पितृगृह नै परित्याग गरेको कारुणिक घटना यसरी कथामा प्रस्तुत गरिएको छ – 'चार वर्षको निर्दोष भाइप्रति कान्छी आमाको जघन्य व्यवहार त्यसले धेरै दिन सहन गरी, तर अबोउप्रान्त सहन गर्ने शक्ति त्यसको हृदयमा रहेन। अत्याधिक भयले भीरुलाई पनि

[२०] रूपनारायण सिंह (सन् २०१३), अन्नपूर्ण, पी एम खनाल (सम्पा), कथा सङ्ग्रह, जनपक्ष प्रकाशन, गान्तोक, सिक्किम, पृ २४

वीर बनाउँछ। एकदिन टुहुरो भाइलाई अघि लगाएर अन्नपूर्णाले पितृगृह परित्याग गरी।'[२१] यसरी प्रस्तुत कथामा मातृपितृ विहीन अन्नपूर्णाले आफ्नो भाइलाई प्रगाढ माया गरेको देखाइएको छ। अतः प्रस्तुत कथामा चित्रित दिदी-भाइको सम्बन्ध मधुर रहेको छ।

**■ इन्द्र सुन्दासका 'चप फ्रइ' र 'शक्तिरूपा नारी'**

इन्द्र सुन्दासको 'चप फ्रइ' कथामा दाजु-बहिनीबिचमा मधुर सम्बन्ध रहेको चित्रण गरिएको छ। अविवाहित दाजु गौरीधोज रिठ्यार आर्मी आमा-बाबुको मृत्युपश्चात् बहिनी जुवाईंकोमा नै गएर बस्न थाल्छ । बहिनी र जुवाईंले पनि उसलाई राम्रै गरेको चित्रण कथामा पाइन्छ। यसरी नै उनको 'शक्तिरूपा नारी' शीर्षक अर्को कथामा दिदी पात्र यशोदा अविवाहित, शिक्षित कलकत्तामा नर्स काम गर्छिन् भने खरसाङ घरमा भाइको विवाह हुने पक्क भएपछि छुट्टी मिलाएर जसरी भए पनि घर जाने निर्णय गरेकोबाट दिदी-भाइमाझ मधुर सम्बन्ध रहेको स्पष्ट हुँदछ।

यसरी कथाकार इन्द्र सुन्दासले दुईवटा भिन्न-भिन्नै कथामा भिन्न-भिन्नै प्रकारको चेली-माइतीमा देखिने सम्बन्धको चित्रण गरेका छन्। 'चप फ्रइ' कथामा दाज्यू अविवाहीत छ भने 'शक्तिरूपा नारी' कथामा दिदी अविवाहीत छे। पहिलो कथामा दाज्यूले बहिनीको घर-परिवार सम्हाल्नमा आर्थिक सहयोग पुऱ्याउने गरेको चित्रण छ भने दोस्रो कथामा दिदी घरदेखि टाढा रहेर पनि घरको आर्थिक स्थिति अनुकूल बनाउनपट्टि लागिपरेकी छ। यसरी कथाकारले उक्त कथाहरूको माध्यमबाट नेपाली समाज तथा परिवारमा घरको आर्थिक परिस्थिति अनुकूल बनाउनमा स्त्रीले पनि पुरुषसरह काम गर्ने गर्छन् भन्ने कुरा स्पष्ट पारेको बुझिन्छ।

---

[२१] रूपनारायण सिंह (सन् २०१३), 'अन्नपूर्ण', पी एम खनाल (सम्पा), कथा सङ्ग्रह, जनपक्ष प्रकाशन, गान्तोक, सिक्किम, पृ २८

## ■ शिवकुमार राईको 'टीका'

शिवकुमार राईले नेपाली समाजमा रहेका याथार्थिक तथा सामाजिक कुरालाई दर्साउने हेतुले लेखिएको प्रस्तुत कथामा दाजु र भाइमाझ कटु र मधुर दुवै किसिमको सम्बन्ध रहेकोलाई चित्रण गरिएको छ। कथाका पात्रहरू धनवीर र लालवीर दुई दाजु र भाइ थिए भने पुतली र धनमती  पत्नीहरू थिइन। जेठाकी पत्नी राम्रो शीलस्वभाव भएकी थिई भने कान्छाकी पत्नी साह्है दुर्मुख थिई। यसैले आमाको मृत्यु भएको महीना दिन पनि नपुग्दैमा कान्छा भाइले बुहारीको कुरा सुनेर घर छोडेर जान्छ। यसै कुराले पिरोलिएर दाजु चाहिं बिमारी हुन्छ। तर भाइले त्यो कुराको वास्तै गर्दैनन्। केही समयपश्चात् दशैंमा टीकाको दिन छिमेकीहरूको निधारभरि टीका देख्दा लालवीरलाई घरमा टीका लगाएको सम्झनाले पिरोल्छ र अन्त्यमा दाजु-भाउजुको हातबाट टीका लगाउन घर गएर टीका लगाउँछ।  प्रस्तुत कुरालाई कथाकारले कथामा यसरी वर्णन गरेका छन् – 'लालवीर राडीमाथि जम्लेहात गरेर बसिरहेको थियो औ धनवीर दुनामा अक्षता लिएर लालवीरको निधारमा टीका लगाइरहेको थियो। त्यसका दुवै आँखाबाट आँसु बगिरहेको थियो। पुतली दैलोको कुनाबाट यो दृश्य हेरिरहेकी थिई। अक्षताले निधार भरिसके तापनि धनवीरको आसीक तुरिएको थिएन। कति लामो टीका लगाइदिन लाग्यो कुन्नि। शायद संसारमा शङ्का र फूटको चिहानचाहिं टीकाले पुर्नू भनेर मानिलिएको होला !'[२२] प्रस्तुत कथामा दाजु-भाइमाझ केही अबुझले जन्माएको सामान्य घर झगडा दशैंको टीकाको दिन साम्य नै भएको देखाइएको छ। प्रस्तुत कथाका माध्यमबाट कथाकारले नेपाली परिवारमा झैझगडा भए तापनि दशैं जस्तो नेपालीको ठुलो चाडमा भने सबै भुलेर फेरि साम्य भएर जान्छन् भन्ने कुरा देखाउन खोजेका छन् भने यसमा उनी सफल पनि भएको देखिन्छ।

---

[२२] शिवकुमार राई (सन् १९६७), फ्रण्टियर, पी एम प्रधान एन्ड सन्स् प्रकाशन, कालेबुङ, पृ ७७

## ■ इन्द्रबहादुर राईको 'मेरी दिदी'

इन्द्रबहादुर राईको 'मेरी दिदी' कथालाई यसै परिपाटीको मान्न सकिन्छ। कथामा मुखबोली दिदी-भाइमाझको सम्बन्धलाई देखाइएको छ। स्कुले जीवनमा दुइ भिन्न-भिन्नै धर्मालम्बीमाझ दिदी-भाइको साइनो लाएर भाइटिका समेत लगाउने दिदी-भाइबिचको सम्बन्धमा आधारित कथा हो।

## ■ प्रदीप गुरुङको 'दिशाहीन दिशा'

यसरी नै कथाकार प्रदीप गुरुङको 'दिशाहीन दिशा' कथामा दाजु र बहिनीमाझ रहेको कटु सम्बन्धलाई देखाइएको छ। प्रहरी दाजु डोगेनले बहिनी डोमाको डम्बरसँगको प्रेम सम्बन्धलाई नरूचाएर आफ्नो सहकर्मी प्रहरी याकदेनसँग डोमाको विवाह गरिदिने निश्चय गर्छन्। घरमा डोमाको केही नचल्दा अन्त्यमा डम्बरसँग भागेर जान्छे।

## ■ पूर्ण राईको 'चौबीस घण्टाको एउटा मान्छे'

कथाकार पूर्ण राईको 'चौबीस घण्टाको एउटा मान्छे' कथामा दाजुले बहिनीको सुन्दर अनुहार देखेर ईर्ष्या गरेको भान यस प्रसङ्गले बुझाउँदछ 'बहिनीको राम्रो अनुहारलाई कोतारी विकृत बनाई दिउँ झै लाग्छ।'[२३] यसरी कथामा गरिबीको चेपारोमा परेका निम्नवर्गीय नारीहरूलाई यौवनले ढाक्नथाल्दा बाह्य रूप सुन्दर भएमा आफ्नै दाजुलाई पनि रिस उठ्दछ भन्ने कुरा देखाएर निम्नवर्गीयको कमजोरीका साथै सामाजिक यथार्थलाई इङ्गित गरेको बुझिन्छ। अतः आर्थिक स्थितिले पिरोलिएर भए तापनि दाजुले आफ्नी बहिनीप्रति यस्तो भावना राख्नले यस कथामा उनीहरूमाझको सम्बन्ध कटु नै रहेको बुझिन्छ।

---

[२३] पूर्ण राई (सन् ११७०), सिमलको भूवा, श्याम ब्रदर्स, दार्जिलिङ, पृ ६६

## ■ लीलबहादुर क्षत्रीको 'किपट'

यसरी नै कथाकार लीलबहादुर क्षत्रीको 'किपट' दुईजना दाजुहरू वीरे र जङ्गे अनि बहिनी कौशीमाझको घनिष्ठ सम्बन्धलाई लिएर लेखिएको कथा हो। कथामा उनीहरूमाझ मधुर सम्बन्ध रहेको चित्रण गरिएको छ। खेतमा धान रोप्दै हिल्लो हाना-हान गरेको दृश्य कथामा यसरी देखाइएको छ – 'कौशीले अलिकति हिलो उठाई र जङ्गेलाई निशाना साधी। हिलो जङ्गेको मुखभरि छ्यापिएकोले चेहरा मुखुण्डो लाए जस्तो देखियो। कौशी रण विजय गरेको खुशीमा खित्का छाडेर हाँसी। जङ्गेको मुख हेरेर बिउ रोप्तै गरेका वीरे र जङ्गेका स्वास्नी पनि हाँस्न थाले। हाँसोको भल बग्यो।'[२४] यसरी एउटा परिवारमा दाजु-बहिनीहरू खुसीसाथ धान रोप्तै गरेको देखाएर कथाकारले उनीहरूमाझ मधुर सम्बन्ध रहेको देखाउन खोजिएको छ।यद्यपि कथाको अन्त्यमा भने जङ्गेको असामाजिक मृत्यु भएको देखाएर कथाको अन्त दुःखान्तमा भएको छ।

## ■ किताबसिंह राईको 'भाइटीकाको दिन'

कथाकार किताबसिंह राईको 'भाइटीकाको दिन' कथाको शीर्षकले नै चेली-माइतीमाझको सम्बन्धलाई लिएर लेखिएको कथा प्रतीत हुँदछ। यसमा दिदी र भाइको अति कारुणिक कथा-व्यथा पाइन्छ। चेलीबेटी र माइतीको पवित्र सम्बन्धलाई एक सूत्रमा बन्धनबद्ध गराउने दिन भाइटीकामा नै भाइ मणिको मृत्यु देखाएर कथाकारले पाठकलाई मर्महित पार्न सफल भएका छन्। कथामा चित्रित परिवारका सदस्याको नाममा दुई दिदी-भाइ वीणा र मणि मात्रै छन्। आमा-बाबुको धेरै अघि नै मृत्यु भइसकेको वर्णन मात्रै कथामा गरिएको छ। ती दुइ दिदी-भाइ नै एकाअर्काको जीवनको सहारा भएर बसेका थिए भने भाइटीकाकै दिन मणिको पनि मृत्यु हुन्छ र वीणा

[२४] लीलबहादुर क्षत्री (सन् १९८३), तीन दशक बीस : अभिव्यक्ति, , पङ्कज पल्लव प्रकाशन, मोराखाली, गौहाटी, पृ ४१

अल्मल्ल पर्छिन्। कथाकारले भाइटीका जस्तो सुख, खुशीको समयमा भाइको मृत्यु जस्ता विपरित कुराको संयोग कथामा गरेर मृत्यु भने जहिले पनि मानिसको जीवनमा आइपर्छ भन्ने सत्य कुरोलाई देखाउन खोजिएको प्रतीत हुँदछ।

**■ कमला आँसुको 'मलाई भाइ मन पर्दैन'**

प्रस्तुत कथाको शीर्षकले पनि किताबसिंह राईको 'भाइटीकाको दिन' कथाले झैँ चेली-माइतीमाझको सम्बन्धमा आधारित रहेको स्पष्ट पार्दछ। तर किताबसिंहको कथामा झैँ यस कथामा चेली-माइतीमाझ मधु सम्बन्ध भने देखाइएको छैन। यस कथामा दिदी भाइमाझको कटु सम्बन्धलाई चित्रण गरिएको छ। कथामा अंशु पाँच वर्षकी हुँदा उसको भाइ सागरको जन्म भएको थियो। घरमा भाइको आगमन भएपछि परिवारका सबैजनाले अंशुलाई माया गर्न छोडेको जस्तो उसलाई लाग्न थाल्छ। अतः सानैदेखि उसले भाइलाई मन पऱ्याउँदैन। ठुलो भएपछि त्यही भाइले अंशुको प्रत्येक क्रियाकलापमा हस्तक्षेप गर्नथाल्छ भने कहिले काही भने दिदीलाई हातसम्म उठाउन्थ्यो। अतः अंशुले आफ्ना सबै साथीहरूलाई 'मलाई भाइ मन पर्दैन' भन्ने गर्छे।

यसरी आधुनिक भारतीय नेपाली कथाहरूमा चेली-माइतीमाझको सम्बन्धलाई लिएर लेखिएका कथाहरूको अध्ययन गर्दा कथाकारहरूले कथामा वर्णित घटना, परिवेश आदिका आधारमा कटु र मधु दुवै थरीका सम्बन्धलाई लिएर कथा लेखेको पाइन्छ।

### उ) साली-भेना तथा देवर-भाउजूमाझको सम्बन्धमा आधारित आधुनिक भारतीय नेपाली कथा

साली-भेना तथा देवर र भाउजुबिचको सम्बन्धलाई लिएर आधुनिक भारतीय नेपाली कथाकारहरूले त्यति कथा लेखेका पाइँदैनन्। यसो भए तापनि यस क्षेत्रलाई टिपेर

लेखिएका आधुनिक भारतीय नेपाली कथाहरूमध्ये यहाँ एकाध कथाहरूलाई उदाहरणास्वरूप प्रस्तुत गरिन्छ –

**■ इन्द्र सुन्दासको 'सेमिट्रीबाट फोन'**

यस क्रममा कथाकार इन्द्र सुन्दासको 'सेमिट्रीबाट फोन' कथालाई हेर्न सकिन्छ। यस कथामा साली र भेनाको सम्बन्धलाई चित्रण गरिएको छ। विवाहित दिदी धेरै समय थल्लिएपछि मर्छिन्। दिदीको मृत्यु भएपछि भेना पनि बिमारी भएर ओछ्यानमा धेरै अन्तरालसम्म थल्लिएर जाति हुँदछ भने आमा-बाबा तथा सासू-ससुरा सबैको कराकरले साली-भेनाले विवाह् गर्दछन् औ त्यसपछि खुशीसात जीवन बिताएको चित्रण छ।

**■ तुलसीराम शर्मा 'कश्यप'को 'संसार यस्तै रहेछ'**

यसरी नै कथाकार तुलसीराम शर्मा 'कश्यप'को 'संसार यस्तै रहेछ' कथामा साली-भेनाबिच भएको शारीरिक सम्बन्धले उब्जाएको पारिवारिक कुण्ठालाई चित्रण गरिएको छ। यहाँ कथाको पात्र पल्टनेकी पहिलो पत्नी दस वर्षको छोरालाई छोडेर परलोक गएको हुनाले उसले दोस्रो विवाह् गरेको वर्णन पाइन्छ। दोस्रो विवाह् गरेको केही दिनमै पल्टन फर्किनु पर्ने बाध्यताले गर्दा पत्नीलाई माइतमा पुऱ्याएर यसो भन्छ – 'यतिञ्जेल पनि तिमी माइतै थियौ र अब पनि तिमीलाई माइतै छाडिराखेर म जाँदैछु तर अस्तिसम्म तिमी जुन प्रकारको बसाइ थियो त्यस्तै अब अलि हुँदैन। अस्तिसम्म तिमी आफ्ना आमा-बाबुकी थियौ अब मेरी भएकी छ्यौ, एक विवाहिता स्त्रीले थाम्नुपर्ने धर्म र इज्जत बचाएर एउटी आदर्श नारीका रूपमा तिमीले बस्नुपर्छ।

... छोराको जिम्मावारी पनि दिएको छु, टुहुराको चित्त दुख्यो भने पितृले सराप्छन्।'[२५]

एउटी नारी विवाहीत भए पछि उसको कर्तव्य तथा जिम्मेवारीबारे प्रस्तुत कथामा पल्टनेको माध्यमबाट यसरी कथाकारले कथामा समावेश गरेका छन्। प्रस्तुत कथामा पल्टनेकी पत्नी भने उसको भेनासँग विवाहपूर्व नै शारीरिक सम्बन्ध स्थापित गरेकी हुनाले दुईजीवकी हुन्छे, जुन कुरा पल्टनेलाई थाहा हुँदैन। ऊ भने पत्नीलाई सम्झाएर उज्ज्वल भविष्यको आशा राखेर पल्टन जान्छ र ६ महिनापश्चात् पल्टने नोकरी छोडेर घर फर्कन्छ भने विवाह भएको छैटौँ महिनामै उसकी पत्नीले नानी जन्माउछे। केरकार गर्दा उसले आफ्नै भेनाको नानी जन्माएको कुरा यसरी स्वीकार गर्छे – 'भिनाजुकै हो भनेर मैले अस्ति बाबुलाई पनि त भनेकै हुँ नि। अझै कति भनुँ? भिनाजुकै हो, बिहे हुनुभन्दा धेरै अघि गाई भैंसी हेर्दा गोठमा।'[२६] अतः यसरी साली-भेनाको शारीरिक सम्बन्धले गर्दा पल्टनेको पारिवारिक जीवन बिथोलिएर गएको छ। यहाँ कथाकारले साली-भेनाको नराम्रो सम्बन्धले गर्दा कसरी एउटा परिवार विघटन हुँदछ त्यसलाई प्रस्तुत गरेको छ।

### ■ विन्ध्या सुब्बाको 'पलाश फुल्नलाई वसन्त पर्खंदैन'

यसरी नै विन्ध्या सुब्बाको 'पलाश फुल्नलाई वसन्त पर्खंदैन' कथालाई पनि यसै परिपाटीको मान्न सकिन्छ। यस कथामा देवर र भाउजुको कटु सम्बन्धलाई चित्रण गरिएको छ। कथामा दाजुको मृत्यु भएपछि विधवा भएकी भाउजुलाई देवर र जेठाजु भएर कलकत्ता वेश्यालयमा बेचिदिएको अति कारुणिक कथा-व्यथाको वर्णन पाइन्छ। कथामा चित्रित पात्र मुनियाँले विवाह गरेको केही समयपश्चात् पतिको मृत्यु भएपछि उसका ससुरालबाट माइतमै छोडिदिए तापनि केही समयबाद देवर र जेठाजु आएर

[२५] तुलसीराम शर्मा 'कश्यप' (सन् १९८८), संसार यस्तै रहेछ, आँकुरा प्रकाशन, गान्तोक, सिक्किम, पृ ११

[२६] तुलसीराम शर्मा 'कश्यप' (सन् १९८८), संसार यस्तै रहेछ, आँकुरा प्रकाशन, गान्तोक, सिक्किम, पृ १५

उसलाई लिएर जान्छ। यसरी उसलाई लिएर त जान्छन् तर ससुरालमा लिएर होइन वेश्यालयमा पुऱ्याइएको घटनालाई कथामा मुनियाँकै माध्यमबाट यसरी प्रस्तुत गरिएको छ – 'उनीहरूले राख्छु भनेर ल्यायो तर गर्नुहुने, नगर्नु हुने सबै भयो ममाथि। त्यसपछि फेरि यता ल्याएर छोडिदिए। माइत आउन पनि सकिनँ, आमा-बाबु भइञ्जेल मात्र हो त्यो पनि। मलाई त बेचिराखेको उनीहरूले, म जहाँ छु, त्यहाँ भद्र घरकी स्वास्नीहरू आउनुहुँदैन।'[२७] यसरी एउटी नारी वेसहारा भएपछि अरूले अमानवीय व्यवहार गरेको यस कथामा स्पष्ट देखिन्छ। यसका साथै वेश्या वृद्धिको मुख्य कारणहरूमध्ये यो पनि एउटा प्रमुख कारण हो भन्ने बुझिन्छ।

**■ कमला आँसुको 'भेनाज्यू'**

यसरी नै कमला आँसुको 'भेनाज्यू' कथामा साली भेनाको मधुर सम्बन्धलाई चित्रण गरिएको छ।  साली र भेनाको नाताले परिवारका सदस्य भएको भए तापनि भेनाले साली अमृतालाई आफ्नै बहिनी झैँ सम्झेर खुल्ला व्यवहार गर्थे। अमृताले आफ्नी दिदीलाई पनि प्रगाढ माया गर्छिन् भने दिदीलाई उसको कारण केही वेदना दिन चाहँदैन्थी। तर भेनाको आफूप्रति खुल्ला व्यवहार देखेर त्यसलाई उसले प्रेमको नाम दिएकी थिई। घरमा उसको विवाहको कुरा चल्दा पनि भेनासँगै विहे गर्छु भन्छिन्। अमृताको परिवारले उसको कुरालाई एक भएर घृणा र विरोध गरे। केही नचल्दा भेनाले तिमी र म विवाह गर्नाले तिम्री दिदी बर्बाद हुन्छे भन्दा मात्रै परिवारले हेरिदिएको केटासँगै अमृताले मङ्गनी गर्न मान्छिन्। यसरी प्रस्तुत कथामा साली र भेनामाझको मधुर सम्बन्धलाई टिपिएको पाइन्छ।

[२७] विन्द्य सुब्बा (सन् २००३), हस्पिस, वसुधा प्रकाशन, दार्जिलिङ, पृ १६

यसरी आधुनिक भारतीय नेपाली कथाहरूले दाम्पत्येत्तर सम्बन्धका विविध रूपहरूको चित्रण गरेको छ। कथाहरूमा चित्रित उपर्युक्त सम्बन्धहरू कुनै कथामा प्रधान रूपमा पाइन्छ भने कुनैमा गौण रूपमा पाइन्छ। कतै एकाधिक सम्बन्धहरूको झलकसम्म पाइन्छ भने कुनै कुनै कथामा सम्पूर्ण विषयवस्तु नै एकाधिक सम्बन्धहरूको चित्रणमा केन्द्रित रहेको पाइन्छ। यसरी आधुनिक भारतीय नेपाली कथाहरूले पारिवारिक सम्बन्धका विविध रूपहरूलाई आफूभित्र समेटेको छ। वास्तवमा यही नै पारिवारिक जीवनमा केन्द्रित आधुनिक भारतीय नेपाली कथाहरूको विशेषता हो।

## ५.३ आधुनिक भारतीय नेपाली कथामा चित्रित पारिवारिक समस्याहरूको विवरण

आधुनिक भारतीय नेपाली कथाहरूमा विभिन्न किसिमका पारिवारिक तथा सामाजिक समस्याहरूको चित्रण भएको छ। त्यसमध्ये प्रायः कथाकारहरूले आफ्ना कथाहरूमा वर्णन गरेका पारिवारिक समस्याहरूलाई यस शोध प्रबन्धमा निम्नप्रकारले अध्ययन गरिएको छ।

### ५.३.१ विधवा जीवनको अध्ययन

आधुनिक भारतीय नेपाली कथामध्ये अनेकौँ कथाहरूमा विधवा नारी र तिनीहरूका विभिन्न समस्याहरूको चित्रण भएको छ। यस्ता समस्याहरूको चित्रण गर्ने प्रमुख कथाहरूमध्ये केही कथाहरूको अध्ययन यहाँ निम्नप्रकार प्रस्तुत गरिन्छ –

■ **इन्द्र सुन्दासको 'विधवाको छोरो'**

इन्द्र सुन्दासको 'विधवाको छोरो' कथामा पतिको अकस्मात मृत्युको घाउ आलो नै भएको बेला आफ्नो काखे नानीको पनि मृत्यु भइदिन्छ। यस्तो मरणावस्थामा परेकी

भए तापनि आफ्नो एक मात्र सहाराको रूपमा रहेकी छोरी झुम्कीलाई हेरेर उसले जीउने निर्णय लिन्छे। तर अभाग्यवश केही समयपश्चात् झुम्कीको पनि मृत्यु हुन्छ। यसरी यस कथामा एउटी विधवा भएकी नारीको जिउने अन्तिम सहारा पनि छुटिए पछि उसको अवस्था अति कारुणिक भएर गएको देखाइएको छ। सुन्दासको अर्को कथा 'मुँगाको चोलो'-मा आर्थिक विपन्नताले गर्दा एउटी विधवा आमाले मुँगाको चोलो समेत किनेर लगाउन नसकेको परिस्थितिलाई कथामा यसरी देखाइएको ।

**■ पूर्ण राईको 'आजकल उ यहाँ पनि छैन'**

यसरी नै कथाकार पूर्ण राईको 'आजकल उ यहाँ पनि छैन' कथामा मदनको मृत्युपछि विधवा भएकी सानु आफ्ना सासू र नन्दबाट सकेसम्मको अवहेलित भएकी छ। अतः सानु आफ्नैहरूबाट हेपिएपछि बेसहारा भएर पगली भई यताउता हिँड्छे र कथाको अन्त्यमा भने ऊ लापत्ता नै भएकी छ।

**■ भीम दाहालको 'रूटिन बलेको बाबु होइन'**

कथाकार भीम दाहालको 'रूटिन बलेको बाबु होइन' कथामा एउटी विधवा तथा एउटी आमा कसरी विवश भएर दोस्रो विवाह गर्न बाध्य भई त्यो चित्रण गरिएको छ। कथामा विधवा भएकी बलेकी आमाको घरमा उसलाई भोग्ने हेतुले  बैदारदेखि लिएर अरू सबै आउँथे । यसैले उसले आफूभन्दा सानो केटासँग दोस्रो विवाह गर्छे ।

**■ उदय थुलुङको 'अर्को इन्द्रेणी'**

कथाकार उदय थुलुङको 'अर्को इन्द्रेणी' कथामा पनि विधवा जीवनको चित्रण गरिएको छ। विधवा भएकी चार वर्ष भइसकेको भए पनि प्रत्येक रात उसले आफ्नो पतिलाई सम्झेर बिताइरहेकी देखाइएको छ।

**■ रामबहादुर राईको 'नेवर्नी बढी'**

कथाकार रामबहादुर राईको 'नेवर्नी बढी' कथामा एउटी नारी विधवा भएपछि आफ्ना सन्तानलाई बढाएर-पढाएर ठुलो बनाएर आफू स्वतन्त्र भएको चित्रण यसरी गरिएको छ – 'लोग्नेको स्वर्गवास भएपछि एकपाखे भएर पनि आफ्ना नानीहरूलाई दुःख र अभावको अनुभव हुन दिइनन्। छोरा-छोरी बढेर सबैजना आआफ्ना लगानीमा लागेपछि बूढिया स्वतन्त्र भइन्।'[२८] यसरी पतिको मृत्युपश्चात छोरा छोरीप्रति नै समर्पित भएर नेवार्नी बढीले आफ्नो जीवन बिताएको प्रतीत हुँदछ।

**■ असीत राईका 'विधवा माया' र 'चर्किएको मुटु'**

कथाकार असीत राईका 'विधवा माया' र 'चर्किएको मुटु' कथाहरूमा चित्रित नारी पात्र भिन्नभिन्नै परिस्थितिले गर्दा विधवा हुन पुगेका छन्। 'विधवा माया' कथामा मायाको पति भरतलाई टाइफाइड बिमार लागेर मर्छ भने 'चर्किएको मुटु' कथामा हरिमायाको पति आर्थिक विपन्नताले ग्रस्त भएर पेटभर खाना खानु नपाएर कमजोरी भएर मर्छ। रामलाल अधिकारीको 'थमिनी कान्छी' कथामा विधवा भएकी थमिनी कान्छीले भारी बोकेर आफ्नो परिवारको जीवन चलाइ रहेको चित्रण प्रस्तुत गरिएको छ।

[२८] रामबहादुर राई (सन् २००५), विभ्रम , सुमित्रा इन्टरप्राइजेस, दार्जिलिङ, पृ १३

## ■ सञ्जय विष्टका 'मान्छेको जुनी ! ?' र ' भाउज्यू विधवा भई (?)'

कथाकार सञ्जय विष्टका 'मान्छेको जुनी ! ?' र 'भाउज्यू विधवा भई (?)' कथाहरूलाई पनि यसै परिपाटीमा राखेर अध्ययन गर्न सकिन्छ। 'मान्छेको जुनी ! ?' कथामा चित्रित पुरुष पात्र एस पी आफ्नी मृत्युशय्यामा पुगेकी पत्नी स्याहार्दा स्याहार्दै अचानक आफै स्वर्गारोहण भएको कारुणिक कथा छ। कथामा प्रयुक्त प्रश्न चिन्हले नै रहस्यात्मकतालाई सङ्केत गर्दछ। अतः यहाँ स्याहार्ने मरेको र मधौरो बाँचेको देखिन्छ। यसरी एउटी नारी बिमारी अवस्थामा विधवा बनेकी छ। अर्को कथा 'भाउज्यू विधवा भई (?)'-मा एउटी नारीलाई सुन्दर युवक देखाएर गाउँमा ल्याएपछि एउटा लठेप्रो केटासँग विवाह गरिदिएको चित्रण छ। यसरी झुक्काएर विवाह गरिदिएको भए तापनि ती नारीले त्यसलाई भाग्यको खेल सम्झेर स्वीकार गरी एउटी असल पत्नी, बुहारी तथा भाउजूको रूपमा चित्रित भएकी छ। झुक्काएरै भए पनि विवाह गरेपछि स्थापित भएको पारिवारिक सम्बन्धलाई भाउजूको रूपमा रहेकी नारी पात्रले सफल तुल्याएको देखिन्छ। लठेप्रो भए पनि पतिको रूपमा स्वीकारेको नारायणको केही समयपश्चात असामयिक निधन हुन्छ । अतः एउटी नारी विधवा बन्छे।

## ■ कमला आँसुको 'सिउँदोको सिन्दुर पुछिए पनि'

यस्तै प्रकारले कमला आँसुको 'सिउँदोको सिन्दुर पुछिए पनि' कथामा विधवा भएका नारीले सङ्घर्षमय जीवनलाई कसरी तह लगाउन सकिन्छन् त्यसको ज्वलन्त उदाहरणको रूपमा चन्द्रशोभा खडा भएकी छ। उसको पतिको अकालै मृत्यु हुन्छ। पतिको मृत्यु हुँदा पनि चन्द्रशोभा नरूएर बरु रूनाले उसको मानसिक सन्तुलन त बिग्रिन्दैनन् भन्ने सोचेर आफैलाई सम्हाल्छिन्। ऊ यताउताको कुरामा ध्यानै नदिइ आफ्नै थेसिस लेख्छिन् औ नानीहरूलाई आमाबाबु दुवैको माया दिएर उनीहरूलाई

गन्तव्यमा दिशा दिन सामर्थ्य भएकी देखिन्छ। यसरी नै विन्द्या सुब्बाको 'तिमी, म र यो पहाड' कथामा बालविवाहले गर्दा एउटी नारी विधवा भएकी कारुणिक कथा-व्यथा पाइन्छ।

### ५.३.२ बहुविवाहको अध्ययन

बहुविवाह प्रथाले परिवार र दाम्पत्यमा ल्याएका विभिन्न किसिमका समस्याहरूको चित्रण गर्ने प्रमुख कथाहरू निम्न हुन् -

**■ इन्द्र सुन्दासको 'अबला, दुर्बला'**

इन्द्र सुन्दासको 'अबला, दुर्बला' कथामा विवाहित भएपछि खड्गमायाले आफूबाट जैजन्म नभएको खण्डमा नन्द र सासूको दुर्व्यवहार सहनु नसकेर माइतमा गएर बुढी आमाको हेरचाह गर्दै बस्छिन्। माइतमा बस्दै रहँदा गाउँकै कृष्णबहादुरले भगाएर दार्जिलिङ लिएर जान्छ। कृष्णबहादुर अगावै विवाहित हुन्छ भने दुइ नानीहरूको बाबु पनि हुन्। त्यहाँ बस्दै रहँदा अर्को कोठामा बस्ने पदमबहादुरसँग खड्गमायाको सम्बन्ध बढेको देखेर कृष्णबहादुरले फेरि त्यहाँबाट पनि लिएर मल्ली जान्छ। उता गएपछि कृष्णबहादुर मात्तेर खड्गमायाप्रति दुर्व्यवहार पनि गर्न थाल्छ भने खड्गमाया त्यसबाट वक्क भएर पदमबहादुर भएको ठाउँमा गएर सँगै बस्नथाल्छ। केही समयपछि कृष्णबहादुर आफ्नी पत्नी खोज्दै त्यही पुग्छ भने पदमबहादुरको हत्या पनि गरिदिन्छ। यसरी एउटी नारीले सुख पाउने आशामा दोस्रो विवाह गरेकी हुन्छ भने झन उल्टो बेसी दुःख खप्नु परेको चित्रण गरिएको छ।

**■ एम पथिकका 'ती स्वास्नी मान्छे र जीवन मोडहरू'**

कथाकार एम पथिकका 'ती स्वास्नी मान्छे' र 'जीवन मोडहरू' कथाहरूमा पनि बहुविवाहको प्रथा चित्रित भएको छ। 'ती स्वास्नी मान्छे' कथामा पतिले बेपरवाहसाथ 'छलीको आमा, अब तिमीलाई धन्दा सघाउने मान्छे ल्याइदिएकी छु, मिलेर बस' भन्दै सौता भित्र्याएको चित्रण छ। यो सहन गर्न नसकेर छलीकी आमाले आफ्ना नानीहरू लिएर माइतीहरूले दिएको जमीनमा उब्जनी गरेर जीवन बिताइरहेकी हुन्छ। तर एक दिन पति मातेर अचानक आइपुग्छ र खेताला गर्न आएको हली मुस्टेसँग आँखा लगाउँदै कुट्छ। अतः यस्ता दुःख-पीडा सहन नसकेर आफ्ना तीन-तीनजना नानीहरूको पनि माया मारेर अन्त्यमा छलीकी आमाले मुस्टेसँगै भागेर जान्छ। यसरी नै 'जीवन मोडहरू' कथामा पतिले दोस्रो विवाह गरेर आसाम गएको नौ वर्षसम्म पनि फर्केर आएको हुँदैन । पत्नी एक्लैले विभिन्न पीर कष्टहरू सहेर छोरालाई हुर्काइबढाइ रहेकी हुन्छ। यस्तै समयमा एकदिन फेरीवालसँग भेट हुन्छ। उसको पनि पत्नी क्षयरोगले ग्रस्त भएर मरेकी हुन्छ भने आमा र छोरा दुवैलाई लिएर जान्छ। अन्त्यमा फेरीवालपट्टि उसको दुइ छोरा जन्मन्छ औ पहिलो छोराले पुस्तक दोकानमा काम गर्न थाल्छ। यसरी यस कथामा दोस्रो विवाह गरेपछि पारिवारिक जीवन सुखले बितेको चित्रण गरिएको छ।

**■ जगत छेत्रीको 'कान्छी'**

यसरी नै कथाकार जगत छेत्रीको 'कान्छी' कथामा पनि बहु विवाह प्रथालाई चित्रण गरिएको पाइन्छ। एउटै धुरामा जेठीकान्छी तथा सौताहरू मिलेर बस्नसक्नु अस्वाभाविक हो भन्ने कुरा यस कथाले देखाउँदछ।

**■ भीम दाहालको 'मेरो मनको साइनो : तिम्रो मनलाई'**

कथाकार भीम दाहालको 'मेरो मनको साइनो : तिम्रो मनलाई' कथालाई पनि बहुविवाह अन्तर्गत अध्ययन गर्न सकिन्छ। कसरी मानिसमा पैसा तथा धन सम्पत्ति बेसी हुन थालेपछि कुबाटोमा लाग्छन् भन्ने कुरालाई कथामा यसरी चित्रण गरिएको छ – 'पिता जनकलाल प्रधान अध्यापकबाट सरूवा भएर शिक्षा विभागकै लेखा अधिकारी भए। ... उनको मुखबाट रक्सीको गन्ध उम्किन थाल्यो। ... गृहिणीलाई कुट्नु र होटेल लजतिर बूढी कन्याहरूसँग रकम र ऐस उडाउनु कुनै तरूणी छोरीको अफिसर बाबुलाई सुहाउने कर्म होइनन्।'[२९] कथामा चित्रित बाबु पात्रले पैसा धेरै कमाउन थालेपछि पत्नीलाई कुट्ने तथा परास्त्रीहरूको संसर्गमा दिनहरू काट्न थाल्छ भने पत्नीको मृत्यु भएको केही समयमा नै दोस्रो विवाह पनि गरिहाल्छ।

**■ विन्ध्या सुब्बाको 'के थाह उ आउने हो वा हैन'**

यसरी नै विन्ध्या सुब्बाको 'के थाह उ आउने हो वा हैन' कथालाई पनि यस क्षेत्रमा राखेर अध्ययन गर्न सकिन्छ। प्रस्तुत कथामा चित्रित चन्द्रप्रकाशले विदेशमै दोस्रो विवाह गरेर बसेको औ आफ्नो प्रथम पत्नी र नानीहरूको हेरविचार केही  नगरेको देखाइएको छ। पतिले दोस्रो विवाह गरेको खबर पाएपछि पहिलो पत्नीले मन दह्रिलो पारेर दुइ छोराहरूलाई हुर्काइ रहेको चित्रण गरिएको छ।

### ५.३.३ अनमेल  तथा बाल विवाहको अध्ययन

रूढीवादी सामाजिक मान्यताका कारण भएका अनमेल तथा बाल विवाहले समाज र परिवारमा नारीहरूले भोग्नु परेका अनेक प्रकारका समस्याहरूको चित्रण केही कथाहरूमा गरिएको पाइन्छ। त्यस्ता कथाहरूमा अनमेल तथा बाल विवाहका अनेक

[२९] भीम दाहाल (सन् १९९२), मेरो मनको साइनो तिम्रो मनलाई, जय भारत प्रिंटिंग प्रेस, सिक्किम, पृ १६

रूपहरूको चित्रण पाइन्छ साथै यस्तो विवाहले सृजना गरेका पारिवारिक र दाम्पत्य जीवनसम्बन्धी समस्याहरूको पनि चित्रण भएको पाइन्छ।

## ■ लीलबहादुर छेत्रीको 'त्यसरी अन्त हुन्छ एउटा विसङ्गतिको'

कथाकार लीलबहादुर छेत्रीको 'त्यसरी अन्त हुन्छ एउटा विसङ्गतिको' कथामा चित्रित पात्र मेजर धनवीर गुरुङको पहिलो पत्नीको मृत्यु भएपछि चालीस वर्षको उमेर पुग्दा उन्नाइस वर्षकी शीलासँग दोस्रो विवाह गर्छ। उमेरको भिन्नताले गर्दा पत्नीले परपुरुषसँग सम्बन्ध राखेको देखाइएको छ भने कथाको अन्त्यमा मेजर स्वयमले आफ्नी पत्नी र उसको प्रेमी सुरेनलाई गोली हानेर मारिदिन्छन्। यसरी यस कथामा अनमेल विवाहले उत्पन्न गरेको पारिवारिक झमेला तथा त्यसको परिणामलाई चित्रण गरिएको छ।

## ■ अर्जुन निरौलाको 'साँझ संगसंगै'

यसरी नै अर्जुन निरौलाको 'साँझ संगसंगै' कथामा बाह्र वर्षमै स्याङ्गजामा बाजा गाजासित उ डोलीमा चडाइएकी थिई। 'उसको बयालिस बर्षे लोग्ने लाहुरे अफिसर भइदिएथ्यो'[३०] भन्नाले कथामा बाह्र वर्षकी केटीको विवाह बयालिस वर्षे बुढो लाहुरेसँग गरिदिएको स्पष्ट हुँदछ। यसै परिपाटीअन्तर्गत राख्न सकिने इन्द्रमणि दर्नालको 'सन्दिग्ध-मन' पनि एउटा हो। यस कथामा कमसे कम पन्ध्र वर्षको फरकमा विवाह भएको दम्पत्तिको चित्रण पाइन्छ। पत्नी औधी राम्री तथा पति चाहिँ कलौटे भएको कारण सधै आफ्नी पत्नीलाई आँखा लगाउने प्रवृत्ति भएको चरित्रलाई कथामा भित्र्याइएको छ। अन्य पुरुषसँग आँखा लगाउँदा-लगाउँदै आफ्नै टाढाको भाइ पर्नेसँग

[३०] अर्जुन निरौला (सन् १९७८), साँझ संगसंगै, सरस्वती प्रिंन्टिग प्रेस, मौजपुर, दिल्ली, पृ १४

पनि आँखा लगाउन थाल्छ भने एकदिन पारिवारिक दायित्वलाई भुलेर घर छोडेर जान्छ। अतः एक्ली नारी विवश भएर भाइसँगै बस्न थाल्छे।

## ■ विजयकुमार सुब्बाको 'सधैंजस्तै एउटा विहान'

यसरी नै कथाकार विजयकुमार सुब्बाको 'सधैंजस्तै एउटा विहान' कथामा पनि अनमेल विवाहको कारणले गर्दा एउटी नारीको जीवन पीडाले भरिएको देखाइएको छ। कथामा चित्रित नारी पात्र उमा सोह्र वर्षकै हुँदा बाबु-आमाले क्षयरोगले ग्रस्त भएको आधाबैसेसँग विवाह गरिदिएको हुन्छ। तर विवाहको तीन महिनामै माइत आएकी उमालाई उताबाट लिन पनि कोही आएन भने उसले पनि जाने रहर देखाइन।

## ■ विन्ध्या सुब्बाको 'तिमी, म र यो पहाङ'

विन्ध्या सुब्बाको 'तिमी, म र यो पहाङ' कथामा पनि बालविवाहले गर्दा एउटी नारीको जीवनमा आइपरेका कष्टहरूको चित्रण गरिएको छ। कथामा कथावाचक म पात्रले एउटी पचास-पचपन्न वर्ष पुगेकी स्वास्नीमान्छेलाई उसको जीवनबारे सोध-खोज गरेको घटनाको प्रसङ्ग छ। ती स्वास्नीमान्छे रोडा कुट्ने काम गर्छिन्। लोग्नेबारेमा म पात्रले प्रश्न गर्दा यसो भन्छिन् – 'लोग्नेलाई पनि छिट्टै काल आयो नानी, र के छिटो भन्नु र ? पन्द्रह वर्षकी मलाई पचास पुग्न आँटेको लोग्नेमान्छेसँग बिहे गरेर दिएका थिए, आमाबाबुले त्यो जमानामा जेठी स्वास्नी मरेको। तीनजना आफूपट्टिको छोरा-छोरी छोडेर लोग्ने मर्दा म पच्चीस वर्षकी थि एँ। ... अनुहार पनि बिर्सिसकें, सम्झदा माया पनि लाग्दैन त्यो बुढोको।'[३१] यसरी यस कथामार्फत् बालविवाह गर्नाले नारीहरू

---

[३१] विन्ध्या सुब्बा (सन् २००३), हस्पिस, वसुधा प्रकाशन, दार्जिलिङ, पृ ९४

छिट्टै विधवा हुनुपर्दछन् भने पति-पत्नीमाझ देखिने सम्बन्ध तथा प्रेम पनि खासै पाइँदैनन् भन्ने देखाउन खोजिएको प्रतीत हुँदछ।

### ५.३.४ वेश्यावृत्ति र वेश्याको अध्ययन

देह व्यापारमा लागेकाहरूको भ्रष्ट आचरण, आर्थिक विपन्नता र सामाजिक परिवेशले देह व्यापार अँगाल्न विवश भएका नारीहरूको चित्रण आधुनिक भारतीय नेपाली कथाहरूमध्ये कतिपयमा गरिएको पाइन्छ। आधुनिक भारतीय नेपाली कथामा धेरजसो वेश्यावृत्ति हुनुको मुख्य कारण आर्थिक विपन्नता र अकालै पतिको मृत्यु भएर वेश्या हुनपुगेको चित्रण पाइन्छ। यसअन्तर्गत निम्न कथाकारहरूका कथालाई अध्ययन गर्न सकिन्छ-

**■ रूपनारायण सिंहको 'धनमतीको सिनेमा स्वप्न'**

रूपनारायण सिंहको 'धनमतीको सिनेमा स्वप्न' कथामा चित्रित नारी पात्र धनमती वेश्या नै भएर हिंडेकी त छैनन् तर सिनेमा अभिनेत्री हुने प्रगाढ इच्छुक भएकी हुनाले आँखै नहेरी मदिसे सुन्दरलाल र सुरेनबाबु जस्ता नारी शोषक र कामुक मानिस कहाँ पुग्छिन्। कलकत्तामा धेरै महिना तिनीहरूसँगै बसेर पनि अभिनेत्री हुना सक्तैनन् तर त्यसपश्चात उनी एउटी छोरीकी अविवाहित आमा चाहिँ अवश्य नै बन्छिन्। अतः सिनेमा जगतको यथार्थ कुराहरूसँग राम्ररी परिचित नभई अभिनेत्री हुना खोज्ने धनमतीको जीवन नष्ट भएको देखिन्छ।

**■ कितापसिंह राईको 'मोहब्बत गल्लीमा'**

कथाकार कितापसिंह राईको 'मोहब्बत गल्लीमा' कथामा कसरी आर्थिक विपन्नताका कारण आफूलाई जन्म दिने बाबुले कसरी साहूको ऋण तिर्न नसक्दा आफ्नी छोरीलाई

साहूको हातमा दिएका थिए। त्यसपछि ती बालिका अनेकौँ पीडा, कष्टहरू सहेर कसरी सिलगढीमा वेश्या बन्न पुगिन त्यसको वर्णन कथामा पाइन्छ।

### ■ सञ्जय विष्टको 'अनट्रेन्ड ब्युटिसियनहरू'

कथाकार सञ्जय विष्टको 'अनट्रेन्ड ब्युटिसियनहरू' कथालाई पनि यसै परिपाटीका मान्न सकिन्छ। यस कथामा चित्रित पात्र अर्जुनकुमार एउटा छोराको बाबु हो भने एउटी छोरी बनाउने उसको मनमा प्रगाढ इच्छा देखिन्छ। तर गाउँका विशेष चेलीहरू लगायत आफ्नै बहिनीसमेत केस बनाउने काम गर्न घर छाडेर विदेश लागेको देखेर उसले राम्री छोरीको उत्कट कामना गर्ने अभिलाषाको निर्मम हत्या गर्छ। अनेकौँ केटा केटीहरू विदेश लागेपछि गाउँ घरमा उब्जिएको विसङ्गति तथा एड्सजस्तो घातक रोगको निर्यात र नारी बेचबिखन व्यवसायको बढ्दो प्रगति देखेर अर्जुनकुमारले छोरी जन्माउने रहरलाई मनमै मार्दै पत्नीलाई पनि बन्ध्याकरण गराउन सहमत गरेको वर्णन कथामा अर्जुनकुमार र स्वास्नीमाझ भएको निम्न वर्तालापले स्पष्ट हुँदछ -

'... 'अनि छोरी चैं ?' स्वास्नीले भनी।

अर्जुनकुमारले केही भनेन।

स्वास्नीले 'हिजोअस्तिसम्म त छोरी-छोरी भन्थ्यौ त'' पनि भनी।

'मान्छेको सबै इच्छा पुरा हुनुपर्छ भन्ने पनि के छ र ?' भनेर अर्जुनकुमारले बत्ती निभायो।'[३२] यदि यस कथाको अर्जुनकुमारले झैँ अन्य बाबुहरूले पनि समाजमा छोरी जन्माउनले वेश्यावृत्ति हुने सम्भावनाको डरले छोरी नै जन्माउनु छोड्यौ भने भविष्यमा नारी जातिको सङ्ख्या कति हुन्छन् होला भन्ने जिज्ञासा यस कथाबाट उत्पन्न हुन्दछ।

---

[३२] सञ्जय विष्ट (सन् २००७), अस्ताचलतिर, निर्माण प्रकाशन, सिक्किम, पृ ६७

## ■ समीरण छेत्री 'प्रियदर्शी'को 'नीलो क्लिप र कालो सनग्लास'

समीरण छेत्री 'प्रियदर्शी'को 'नीलो क्लिप र कालो सनग्लास' कथामा आर्थिक विपन्नताले समाजमा उब्जाउने वेश्यापनलाई चित्रण गरिएको छ। कसरी समाजका निम्नवर्गीय नारीहरूलाई फकाएर वेश्यालय पुऱ्याइन्छ त्यसमा आधारित यो कथा देखिन्छ। कथामा चित्रित बाबु पात्र घरकै पैसा चोरेर गएपछि फर्केर कहिले नआएको चित्रण छ। आमा बसन्ती र छोरी चमेलीले दुःख, कष्ट गर्दै दुइ भाइहरूलाई पढाउँदै थियो। गाउँकी कामना छेमा भन्ने पात्रले चमेलीलाई बम्बईमा काम गर्ने छेत्री केटासँग विवाह् गर्ने प्रस्ताव राख्छ भने चमेलीले पनि स्वीकार्छिन्। तर वास्तवमा उसलाई बम्बई लिएर गएपछि वेश्या बनाइन्छ भने परिस्थितिलाई चमेलीले स्वीकार्न बाध्य बनेको देखिन्छ।

## ■ भीम दाहालको 'मेरो मनको साइनो : तिम्रो मनलाई'

भीम दाहालको 'मेरो मनको साइनो : तिम्रो मनलाई' कथालाई पनि यसैअन्तर्गत राख्न सकिन्छ। यस कथामा अभिभावक नै कुबाटोमा लागेपछि कसरी वेश्यावृत्ति हुनथाल्छन् त्यो चित्रण गरिएको पाइन्छ। कथामा बाबुले प्रशस्तै पैसा कमाएपछि परास्त्रीहरूसँग लाग्न थाल्छ औ घरमा पत्नीलाई कुट्न पनि थाल्छ । यसैको पीडा सहनु नसकेर एकदिन पत्नीको मृत्यु हुन्छ भने केही दिनबादमै बाबुले दोस्रो विवाह् गर्छन्। यी सबै छोरी चाहिंले हेरिरहेकी हुन्छन् भने ऊ पनि ठुली भएपछि बाबुकै बाटो लाग्छिन्। यसरी कथामा अभिभावकबाट सही मार्गदर्शन नहुनाले छोरी कुबाटो तर्फ लागेकी छन्। कथाकार अर्जुन निरौलाको 'एउटा रात बितेपछि' कथामा अभिभावक कोही नहुँदा एउटी छोरी नानी कसरी वेश्या हुनपुग्छिन् त्यो देखाइएको छ।

### ■ विन्ध्या सुब्बाका 'पलाश फुल्नलाई वसन्त पर्खंदैन' र 'शीतलहर'

विन्ध्या सुब्बाका 'पलाश फुल्नलाई वसन्त पर्खंदैन' र 'शीतलहर' कथाहरूमा वेश्यावृत्तिका दुई भिन्ना-भिन्नै कारणहरूको चित्रण गरिएको पाइन्छ। 'पलाश फुल्नलाई वसन्त पर्खंदैन' कथामा पतिको मृत्यु भएपछि विधवा भएकी नारीलाई आफ्नै देवर र जेठाजु भएर कलकत्ता वेश्यालयमा बेचिदिएको अति कारुणिक कथा-व्यथाको वर्णन पाइन्छ। यसरी नै 'शीतलहर' कथामा दार्जिलिङ्मा मागी खाने लाटीको जीवन चरित्रलाई टिपिएको छ। 'महाकालडाँडा जाने त्यो उकालो बाटोमा बर्षौदेखि मागेर बस्ने एउटी लाटी आमाकी छोरी थिई उ। ... आज आफ्नी छोरीको जस्तै माधुराको पनि बाबुको पत्तो थिएन। बजारका पसलहरूको चेपचापतिर  वा कुनै फूटपाथमा बेवारिस जन्मेकी उही केटी बडेर आज आफैं एउटी उत्रै छोरीकी आमाको रुपमा छे।'[३३] प्रस्तुत कथामा चित्रित अविवाहित माग्ने लाटी कसरी आमा भइन्। ऊ पनि अविवाहित माग्ने आमाकी छोरी नै थिई भने उसले पनि छोरी नै जन्माएकी छ। के अब ती छोरीको पनि भविष्य त्यही नै हो त भन्ने कुरामा पाठकवर्गको ध्यानाकर्षित गराउदछ। यसरी यस कथामार्फत् नेपाली समाजमा अप्रत्येक्ष रूपमा वेश्यावृत्ति हुनथालेको कुरालाई देखाउन खोजिएको छ। 'शीतलहर' झैँ कथा विषयवस्तुलाई टिपिएको सञ्जय विष्टको 'अविवाहित लाटी र अपरेशन' कथामा पनि मागिहिड्ने लाटीलाई कसैले गर्भवति बनाएको चित्रण छ।

### ■ प्रदीप गुरुङको 'शहर पसेकी कान्छी'

कथाकार प्रदीप गुरुङको 'शहर पसेकी कान्छी' पनि नारीहरूलाई कसरी वेश्या बनाइन्छन् त्यसलाई चित्रण गरिएको कथा हो।  कथामा पहाडबाट भागेर विवाह गरेका सोझा  नवदम्पत्तिलाई फकाएर काम दिने प्रलोभन पहिला त आफ्नो घरमा

३३ विन्ध्या सुब्बा (सन् २०१३), शीतलहर, अल्टिमेट मार्केटिङ (प्रा) लि, काठमाडौं, पृ २

लिएर आउँछ। त्यस पछि पतिलाई कामको नाममा जहिले पनि बाहिर पठाइने र पत्नीसँग मालिक भनाउँदोले शारीरिक भोक मेटाउने गर्न थाल्छ। केही समयपछि कान्छीलाई कलकत्ताको वेश्यालयमा बेच्ने प्रबन्ध मिलाइएको हुन्छ। यसरी कथामा सोझा भएको कारणले पनि नेपाली नारीहरू वेश्या बनिरहेका छन् भन्ने कुराको चित्रण पाइन्छ। यद्यपि यस कथामा कान्छीको पतिले सबै कुरा चाल पाएर कान्छीलाई बेचिनुबाट बचाइन्छ।

**■ सूरज धडकनको 'ढोका'**

यसरी नै कथाकार सूरज धडकनको 'ढोका' कथालाई पनि यसै परिपाटीको मानेर अध्ययन गर्न सकिन्छ। यस कथामा एउटी जवान नारी विधवा भएपछि गाउँकाहरूले नै दिन प्रतिदिन वक्कै लगाएर अन्त्यमा वेश्या तुल्य बनाइएको घटनाको चित्रण गरिएको छ।

वस्तुतः रूपनारायणदेखि हालसम्मका वेश्यावृति विषयलाई टिपेर कथा अनेकौँ कथाकारहरूले लेखेका छन्। यी कथाहरूमा वेश्यवृतिको कारण मुख्यतः आर्थिक स्थिति कमजोर भएकोलाई देखाइएको छ। तर एउटी नारी कसरी वेश्या हुन पुग्छिन तथा उसलाई कसरी वेश्या बन्ना बाध्य तुल्याइन्छ सो कुरामा भने कथाकारहरूमाझ अन्तर रहेको देखिन्छ। यसको मुख्य कारण परिवर्तित समयसँग सँगै नेपाली समाज तथा परिवार पनि परिवर्तित हुँदै जानुले गर्दा हो।

**५.३.५ छुवा छुत प्रथाको अध्ययन**

नेपाली समाजमा देखिने जात-पात तथा उच्च वर्ग र निम्न वर्गमाझ रहेका भेदभावलाई लिएर पनि आधुनिक भारतीय नेपाली कथाकारहरूले कथा लेखेको पाइन्छ। यहाँ त्यस्ता एकाध कथाहरूको अध्ययन प्रस्तुत गरिन्छ –

### ■ रूपनारायण सिंहको 'बिग्रेको बाहुन'

रूपनारायण सिंहको 'बिग्रेको बाहुन' कथालाई छुवा-छुत प्रथाका आधारमा बहुचर्चित कथा मान्न सकिन्छ। यो कथा सामाजिक रूढि र मान्यताको विरोधमा उभिएको छ। हिन्दू समाजमा कलङ्क स्वरूप रहेको जातिवाद वा वर्णभेदलाई व्यङ्ग्य गर्दै कथाकार यस कथामा मानवतावादको प्रवर्तन गर्न पुग्छन्। कथामा खोला तर्न नसक्ने एउटी वृद्धा दमिनीलाई साना बाबुले हात समाएर खोला तर्न सहयोग गरेको खण्डमा उसको जात खोसिन्छ र उनी बिग्रेको बाहुन हुन पुग्छ । समाजमा व्याप्त रूढि र अन्धविश्वासको विरोधमा यो कथा उभिएको छ। सामाजिक कुसंस्कार र छुवाछुतको भावनाले लिप्त नेपाली समाजको उद्धारमा सचेत रहेको लेखकीय मनोवृत्ति यहाँ मानवतावादी दृष्टिकोण स्थापित गर्न सफल बनेको छ। घर परिवार र समाजद्वारा बिग्रेको बाहुन यहाँ कथाकारको निम्ति श्रद्धाको पात्र बनेको छ। जात-पातको संकीर्ण विचारलाई परित्याग गर्दै मानवधर्मलाई विचार गरेर वृद्धा दमिनीको सहयोग गर्ने बिग्रको बाहुन नै वास्तवमा सच्चा मानव हुन भन्ने तथ्यलाई पनि यस कथाले खुलस्त पारेको छ। दुनियाको दृष्टिमा एकजना बाहुन कसरी बिग्रेको बाहुन हुनपुग्यो सो कुराको वर्णन कथामा चित्रित बिग्रेको बाहुनको मुखबाट यसरी प्रस्तुत गरिएको छ –

'गाउँको एउटा ज्यापूले भन्यो' अछूती दमिनीसित हातेमालो गर्ने। यस्तो बितौल पनि कसैले गर्छ? बाहुन भएर छुतछात लसपसको डर छैन।' बाले व्रतबन्धनका बेलामा भनका कुराको मलाई हठात् सम्झना भयो। बाले भन्नु भएथ्यो 'कस्तै संकट परोस्-चाहे ज्यानै जावस् धर्म र निष्ठा नछोड्नू। 'मेरो धर्म थियो त्यति बेला त्यो असहाय अबलालाई अधमरो लोग्ने भए ठाउँमा पुऱ्याइदिने। त्यसो गर्दा मैले अछूती छुन पर्नेथ्यो साँचो हो। तर एउटी सती स्वास्नीमानिसलाई, चाहेजतिसुकै नीच जातको होस्, छोएर मर्न आँटेको लोग्नेकहाँ पुऱ्याइदिँदा मेरो जात जाने, कुलधर्म नाश हुने ? पितापुरूखाको इज्जत जाने ? ... त्यसपछि मैले एउटा ज्यामीको हातबाट घोचा खोसें। बूढी दमिनीलाई बोकेर घोचा टेक्दै म खोला पारि पुगें। गाउँमा यो कुरा प्रचार भयो। मेरा

पूज्य दाज्यूले, मेरी आमाभन्दा पनि प्यारी भाउज्यूले, गाउँका जम्मैले मलाई काढे। म भएँ जात गएको, बिग्रेको बाहुन।'[३४] अतः प्रस्तुत कथामा नेपाली समाजमा जातपातलाई लिएर देखिने भेद-भावलाई राम्ररी चित्रण गरिएको छ।

### ■ शिवकुमार राईको 'मानिस'

यसरी नै कथाकार शिवकुमार राईको 'मानिस' कथालाई पनि यस क्षेत्रमा राखेर अध्ययन गर्न सकिन्छ। यो कथा व्यक्तिले नै बनाएको सानो जात र ठुलो जात तथा यी दुई जातिमाझ विवाह गर्नु हुँदैन भन्ने सामाजिक कुविचारमाथि आधारित हो। प्रस्तुत कथामा चित्रित चामे सार्कीको छोरा अर्थात् सानो जातको केटा हो भने सानी चाहिँ बाहुन तथा ठुलो जातकी छोरी हुन्। उनीहरूमाझ प्रेम सम्बन्ध स्थापित भए तापनि बाबु-आमा तथा समाजले विवाह गर्ना भने दिँदैनन्। अतः गाउँ निकाला हुन्छ भन्ने डरले चामेका आमा-बाबुले आफ्नै जातकी केटी हेरेर उसको चाडै विवाह गरिदिन्छन्। तर चामेसँग नवविवाहित युवती बाजेर एकदिन माइत जान्छे भने चामेले सानीलाई भगाएर मदेशतिर लाग्छ। यसरी गाउँ-समाजले प्रतिबन्ध गरेको भए तापनि चामे र सानी अन्तमा विवाह गरेर दाम्पत्य जीवनमा प्रवेश गर्छन्। यद्यपि कथामा सानीको मृत्यु देखाएर ती दुइको असफल दाम्पत्य जीवन देखिन्छ।

### ■ विजयकुमार सुब्बाको 'सधैंजस्तै एउटा विहान'

कथाकार विजयकुमार सुब्बाको 'सधैंजस्तै एउटा विहान' कथामा पनि छुवा-छुत प्रथा कायम रहेको देखाइएको छ। छुवाछुतको प्रथाले मानसिकता पनि कस्तो भइसकेको छ त्यो म पात्रको माध्यमबाट कथामा यसरी राखिएको छ – 'बिना जात म उमालाई

---

[३४] केदार गुरुङ (सम्पा), जुलाई, सन् १९९२, स्रष्टा (द्वैमासिक साहित्यिक पत्रिका), वर्ष १३, अङ्क ३०, पश्चिम सिक्किम साहित्य प्रकाशन, सिक्किम, पृ २९५

माया गर्थे र जातसितको उमालाई म घृणा गर्थे। सानो जातलाई घृणा गर्नु मेरो वँश्यौली धर्म भइसकेथ्यो।'[३५]

**■ पूर्ण राईको 'देखेको यो कथा'**

यसरी नै अर्को कथाकार पूर्ण राईको 'देखेको यो कथा' नेपाली समाजमा व्याप्त जात-पातको विषयमाथि नै आधारित कथा हो। प्रस्तुत कथामा कसरी उच्च वर्ग तथा जातका मानिसहरूको अतिक्रमण दिन-दिनै बढिरहेछ अनि आर्थिक विपन्नताले ग्रस्त जातिलाई कतातिर लाँदैछ भन्ने कुराको तर्क पाइन्छ।

### ५.३.६ आर्थिक विपन्नताग्रस्त जीवनको अध्ययन

आधुनिक भारतीय नेपाली कथामा प्रायः जसो नै आर्थिक विपन्नताले गर्दा नेपाली परिवारहरू बिथोलिएका कारुणिक कथा-व्यथाको चित्रण पाइन्छन्। अर्थात् आर्थिक विपन्नताले ग्रस्त भएर अनेकौँ कष्टदायी जीवन यापन गर्न परेका विभिन्न कारणहरू प्रायः कथाहरूमा भित्र्याइएको पाइन्छ। अतः यहाँ तीमध्यै प्रमुख मान्न सकिने कथाहरूको नाम मात्रै उल्लेख गरिएको छ। ती हुन् रूपनारायण सिंहका 'आमा', 'अन्नपूर्णा', इन्द्र सुन्दासका 'विधवाको छोरो', 'खाजा', शिवकुमार राईका 'माछाको मोल', 'तिब्बतको हुलाक पथ', 'मसिनीको संसार', इन्द्रबहादुर राईका 'रातभरि हुरी चल्यो', 'छुट्याइयो', 'चपरासी', 'अँध्यारा दृष्टिहरूका कोरस', 'ब्ल्याक आउट काजू बदाम', 'छोरा', रामबहादुर राईका 'नेवर्नी बढी', 'गमला ! है...गमला !', पूर्ण राईका 'सिमलको भुवा', 'देखेको यो कथा', 'पासाङ्हरूको कथा', 'सङ्लो सपना : धमिलो

---

[३५] भवानी घिमिरे (सम्पा), वैशाख, वि सं २०६२, सिक्किम विशेषाङ्क (नेपाली मासिक), वर्ष ४२ ,पृ १८४

संसार', प्रकाश हाङ्खिमका 'सुनपसिना १', 'सुनपसिना २', 'सुनपसिना ३', 'सुनपसिना ४', 'आफ्नै शरीरको मासु', सञ्जय विष्टका 'विश्वास चेपेर जिउँछ मानिस', 'दोस्रो संस्करणको तयारीमा', 'वर्तमान', 'अनट्रेन्ड ब्युटुसियनहरू', 'पुल', 'कृष्णप्रसाद नेपाली उर्फ प्रमिथस', महानन्द पौड्यालको 'हवलदार', मटिल्डा राईको 'टोटलाको फूल', असीत राईका 'एक्ली साहिँली-आँधी र बेहरीसँग', 'मृत्युका किनारमा जीवनका सुस्केराहरू', 'स्वप्न भङ्ग', श्रीमती खिरोदा खँड्काको 'प्रायश्चित', असीत राईको 'गाउँले कलाकारको कथा', रुद्र पौड्यालको 'त्यो दिन यसरी बित्यो', लालबहादुर राईका 'आशाको दियो निभ्यो', 'मुँगाको चोलो', 'बेसाहा', रामलाला अधिकारीको 'थमिनी कान्छी', समीरण छेत्री 'प्रियदर्शी'का 'धनबहादुरको लौरो', 'अन्धकार भइहालोस्', 'तीतो कुइनाइन र सरकारी खाता', 'नीलो क्लिप र कालो सनग्लास', 'गैरीगाउँकी चमेली', भगीरथ रावतका 'कोही यहाँ विवश बनेपछि', 'गधा-कोपी रेस', 'भेट भूतको खोज नेताको', उदय थुलुङको 'क्यामेराम्यान', अर्जुन निरौलाको 'उत्तरदायित्व' आदि आदि। यस्तै प्रकारले कथाकार गुप्त प्रधान, एम एम गुरुङ, श्री किरात, प्रकाश कोविद, हरिप्रसाद 'गोर्खा' राई, त्रिलोक राई, जगत छेत्री, तिलक राई, जस योञ्जन प्यासी, जीवन नामदुंग, आई. के. सिंह, भाइचन्द्र प्रधान, केदार गुरुङ, सम्पूर्ण राई, थीरू प्रसाद नेपाल, तुलसीराम शर्मा 'कश्यप', जय धमाला, अर्जुन निरौला, अच्छा राई 'रसिक', विरविक्रम गुरुङ, कृष्णसिंह मोक्तान आदि-आदि कथाकारहरू लगायत सम्पूर्ण कथाकारहरूका कथामा नै नेपाली परिवारमा देखापर्ने विशेष आर्थिक विपन्नतालाई भित्र्याएको पाइन्छ।

### ५.३.७ पाश्चात्यकरणको चित्रण

आधुनिक भारतीय नेपाली कथाकारहरूले पाश्चात्यको प्रभावले गर्दा नेपाली परिवारका सदस्यहरूमा के-कस्ता परिवर्तनहरू आइरहेका छन् त्यसलाई लिएर कथा लेखेका छन्। यस्ता एकाध कथाहरूलाई निम्नप्रकारले यहाँ प्रस्तुत गरिन्छ -

**■ जय धमालाको 'हिप्पीवाद'**

यस्ता कथाहरूमा जय धमालाको 'हिप्पीवाद' कथालाई अध्ययन गर्न सकिन्छ। कथामा छोराको रूपमा रहेको पात्र कुमारले विशेष विदेशीहरूको बाहिरी रूपको अनुकरण गरिहाल्ने प्रवृत्तिको देखिन्छ। उसले हिप्पीवाद भन्दै केश पाल्न थाल्छ औँ पहिरनमा पनि परिवर्तन ल्याउछ। यस्ता चरित्र भएको कुमारले विदेशीहरूको अनुकरण गर्न उसलाई कसैले पनि भेट्दैन भन्ने भ्रम पालेको कुरा उसले भनेको निम्न वाक्यबाट स्पष्ट हुँदछ – 'केही मौलिकता उभ्याउन नसके पनि अनुकरणमा मलाई कसैले भेट्दैन।'[३६] यसरी उसले आफूलाई हिप्पी सम्झिँदै केही काम नगर्ने खाली डुली हिड्ने हुन्छ। बाबु-आमाको मृत्युपश्चात् आर्थिक रूपले कमजोर भएपछि ऊ सिलगढी तर्फ लाग्छ औँ उसको पहिरण देखेर स-साना नानीहरूले पगला आएछ भन्दै ढुङ्गले हिर्काउन थाल्छ। मानिसहरूलाई उसले म सज्जन हुँ भन्दा पनि हाँस्न थाल्छन्। अतः यसरी ऊ स्वयम् पागल नभए तापनि अन्य मानिसहरूको सामु पागल नै प्रमाणित हुँदछ। यसरी सही ढङ्गले पाश्चात्यकरणको अनुकरण गर्न नजान्दा पागलको उपाधि पाएको बुझिन्छ।

धमालाले उक्त कथामार्फत् नेपाली युवावर्गले विदेशीहरूको अनुकरण गर्नले स्वयम् पनि विदेशी नै भई हाल्दैनन् भन्ने देखाउना खोजिएको छ। जीवनको महत्त्वलाई बुझेर परिवारप्रति रहने आफ्ना कर्तव्यहरूलाई बुझ्ने प्रयास गर्नुपर्ने कुरालाई देखाउनु पनि प्रस्तुत कथाको अर्को उद्देश्य रहेको बुझिन्छ।

**■ सञ्जय विष्टका 'नक्साको पुरुष' र 'वर्तमान'**

[३६] दयारत्न शा भि (सम्पा), सन् १९८५, धमालाका कथाहरू, शुभ लक्ष्मी प्रकाशन, कालेबुङ, पृ १४

यस्तै प्रकारले कथाकार सञ्जय विष्टका 'नक्साको पुरुष' र 'वर्तमान' कथाहरूलाई पनि पाश्चात्यकरणको चित्रणका आधारमा हेर्न सकिन्छ। 'नक्साको पुरुष' कथामा छोरा जातिको पनि शारीरिक रूपमा बलात्कार हुनुमा धेरै समय लाग्दैन भन्ने कुरालाई इङ्गित गर्दै समाजमा चलिरहेका नराम्रा घटनाहरूमाथि व्यङ्ग्य कसिएको छ। कथामा छोरा पात्र प्रेमकुमार सम्पन्न परिवारमा जन्मेको भए तापनि सोझो देखिन्छ। उ पढाइ सिध्याएर गणित शिक्षकका रूपमा काम पनि गर्न थाल्छ। एक रात उ एक्लै घर फर्किरहेको समयमा केही अज्ञात जमातले उसको बलात्कार गर्छ। वर्तमानमा अचम्मै लाग्ने कथाको रूपमा देखिए तापनि भविष्यमा यस्तो घटना नेपाली समाजमा पनि हुन सक्तैन भन्न सकिन्न। तसर्थ, यस कथामा कथाकारले नेपाली समाजको भविष्यवाणी गरेको प्रतीत हुँदछ। यसरी नै 'वर्तमान' कथामा वर्तमान नेपाली समाजमा छोरा तथा छोरीहरू पाश्चत्यकरणमा होमिँदै नराम्रा कुराहरूको सेवन गर्दै कसरी आफ्नो जीवनलाई नष्ट गरिरहेका छन् त्यसको चित्रण गरिएको छ।

### ■ प्रकाश हाङ्खिमको 'चर्किएको आकाश'

कथाकार प्रकाश हाङ्खिमको 'चर्किएको आकाश' कथालाई पनि यसै परिपाटीको मान्न सकिन्छ। प्रस्तुत कथामा पति-पत्नी सुमन र सुनिधि दुवै पाश्चात्यकरणले ग्रस्त देखिन्छन्। कथाकी पात्र सुनिधिले 'नानी हुनु त झमेला हो। हाम्रो पनित नानी छैन र पो मेरो फिगर राम्रो छ। तिमी पनि त नानी भए मेरो फिगर बिग्रन्छ भन्छौ। एक बारको जिन्दगीमा को पाउँछ नानी। भोलिपर्सी एउटा मन परेको एडप्ट गर्दा भइगयो नी।'[३७] – भनेर पति सुमनलाई स्पष्ट रूपमा नानी जन्माउनले शारीरिक बनावट बिग्रिएर जान्छन् तथा शरीरमा कुरूपता उत्पन्न हुन्छ भन्ने डर रहेको बुझिन्छ। अतः पति-पत्नी दुवैले नानी नबनाउने निर्णय लिन्छन् औं केही वर्षपश्चात् धर्मपुत्र वा

[३७]प्रकाश हाङ्खिम (सन् २०१२), सुनपसिना, लङ्कु भेल्ली, खरसाङ, थापा पब्लिकेसन प्रकाशन, पृ १०९

धर्मपुत्री दत्तक गर्ने सोच्छन्। यसरी प्रस्तुत कथामा चित्रित पारिवारिक जीवन तथा ढाँचालाई देखाएर कथाकारले पाश्चत्यकरणको प्रभावले नेपाली परिवारले आफ्नै पतनको बाटो बनाइरहेको याथार्थिक कुरालाई देखाउने प्रयास गरेका छन्।

## ■ कमला आँसुको 'नायुमा जस्ती आमाहरूको कथा-व्यथा'

यस्तै प्रकारले कमला आँसुको 'नायुमा जस्ती आमाहरूको कथा-व्यथा' कथालाई पनि यस परिपाटीको मान्न सकिन्छ। कथाकी पात्र नायु वृद्धावस्थामा पुगेको बेला आफ्ना छोरा-बुहारीले सहारा देलान भन्ने सोचेको विपरीत उनीहरूले कुरा गर्दा रीसले आफ्नी साथी सेतीकी आमालाई यसो भन्छिन् – 'मलाई यो उमेरमा छोरा-बुहारीले अलग हुनु भन्दै छ। छोराले पनि नराम्रो गाली दिन्छ। भन त साथी, म यो उमेरमा कता जानु? जब छोरा-बुहारी घर-परिवार नै सहारा दिन चाहँदैनन् भने कुन अर्काले मलाई सम्हाल्छ? नौ महिनासम्म गर्भमा राखेर जसलाई मैले रातभरि जागै बसेर पालन-पोषण गरें, जसलाई अनेकौँ यत्नहरू झेल्दै हुर्काएँ, बडाएँ, सामर्थको बनाएँ, मलाई आशा र पूर्ण भरोसा थियो कि छोरा बूढेसकालको सहारा बन्नेछ भनेर। आज त्यही सहाराले मलाई बूढेसकालमा जीउँदै खाडलमा हालिदियो।' यति भन्दै उनी अझ आक्रोशित हुँदै भन्छिन् – 'सन्तान यस्तो किन अनि कसरी हुन्छ? उनीहरूले किन आफ्नो वृद्ध आमा-बाबुका समस्याहरू बुझ्दैनन्? आजका छोरा-छोरीहरूले आमा-बाबुहरूको आशा, आकांक्षा किन पूरा गर्दैनन्? आजकलका छोरा-छोरीहरू आमा-बाबुको विरोधमा जान्छन्? अब म कता जानु? यो उमेरमा म के काम गर्नु? कहाँ बस्नु?'[३८] यसरी एउटी आमाको दुःख प्रस्तुत भएको छ भने कथाको अन्त्यमा उनी घर छोड्ने निर्णय नै लिन्छे।

---

[३८] कमला आँशु (सन् २००१), मीमंसा, दक्षिण सिक्किम, निर्माण प्रकाशन, पृ ४९

यस कथामा पाश्चात्य देशहरूमा झैँ नेपाली परिवारहरूले पनि आफ्ना छोरा-छोरी बढेपछि उनीहरूको खुशी गर्न दिनुपर्छ अर्थात् मानिस बुढा-बुढी भएपछि छोरा-बुहारी तथा छोरीहरूसँगै बस्नुभन्दा बरू अलग्गै रहनले एका-अर्कामाझ आघात प्रेम तथा सद्भावनाहरू यथावत् रहन्छन् भन्ने कुरा सेतीकी आमाको माध्यमबाट यसरी प्रस्तुत गरिएको छ – 'आज उसलाई आमाको सहारा चाहिँदै भने, आमालाई झन् उसको सहाराको खाँचो किन पर्छ? उसले आफ्नो कर्तव्य भुल्छ भने भूल्नदेऊ नायुमा! के त लालन-पालनको दाम मागेर लालन-पालनलाई अपमान गर्नु? तिमी एक्ली त छैनौ, यो संसारभरि यस्ता आमाहरू-बाबुहरू छन्, जसलाई छोरा-छोरीले अपमान गरेको छ, आफ्नोले दिएको चोटले सताइएका छन्। तिमी आफूले आफैलाई नियाल। उनीहरू तिमीलाई अलग गर्न चाहन्छन् भने तिमी अलग भइदेऊ, कति राम्रो सुयोग भगवानले तिमीलाई दिएछ, संसारको मायामोहबाट मुक्त हुने भनेर आफैलाई भाग्यमानी ठान।'[३९] यसरी कथाकारले प्रस्तुत कथाको माध्यमबाट नेपाली पारिवारिक जीवन कुन क्षेत्रतर्फ अघि बढिरहेका छन् त्यो देखाउने प्रयास गरेको बुझिन्छ।

एउटा परिवार बनिनका निम्ति नारी-पुरुषको आवश्यक्त पर्दछ। एउटी नारी र एउटा पुरुषमाझ समाजद्वारा मान्यता प्राप्त विवाह सम्पन्न भएपछि एउटा परिवारको निर्माण हुँदछ। संसारका प्रायः समाजमा नै यसरी परिवारको निर्माण हुने प्रक्रिया समाजद्वारा मान्यता प्राप्त विवाहपश्चात् मात्रै सम्भाव देखिन्छ। तर यसको विपरीत एउटा परिवारको विघटन हुनाका निम्ति समाजले कहिले पनि कुनै प्रकारको मान्यता दिएको देखिँदैन भने विघटन हुने कारणहरू पनि एउटा मात्रै नभएर अनेकौँ पाइन्छन्। अतः आधुनिक भारतीय नेपाली कथाकारहरूका कथामा चित्रित पारिवारिक जीवनको अध्ययन गर्दा त्यहाँ प्रायः कथाकारहरूले परिवारलाई नै लिएर कथा लेखेका छन्।

[३९] कमला आँशु (सन् २००१), मीमंसा, निर्माण प्रकाशन, दक्षिण सिक्किम, पृ ५०

यसका साथै नेपाली परिवारहरू विघटनतर्फ कसरी गइरहेका छन् भन्ने कुरा जनाउनका निम्ति अनेकौँ कारणहरू कथामार्फत् प्रस्तुत गरेको पाइन्छ।

## ५.४ पारिवारिक जीवनमा केन्द्रित सानु लामाका कथा र भारतीय अन्य कथाकारहरूका कथामा पाइने साम्य र वैषम्य

पारिवारिक जीवनमा केन्द्रित सानु लामाका कथा र भारतीय अन्य कथाकारहरूका कथामा पाइने साम्य र वैषम्यलाई निम्नप्रकारले बुँदागत रूपमा प्रस्तुत गरिएको छ।

### ५.४.१ साम्य

- सानु लामा र अन्य कथाकारहरूका कथामा आर्थिक विपन्नताग्रस्त जीवनले गर्दा चित्रित परिवारका सदस्यहरूमा दुःख कष्टहरू आइपरेको देखिन्छ।
- सानु लामा लगायत अन्य कथाकार प्रायः सबैले विधवा नारीको जीवनको चित्रण गरेका छन्।
- सानु लामा र अन्य कथाकारहरूले आआफ्ना कथामा एकात्मक परिवारको चित्रण गरेका छन्।
- छुवाछुत प्रथालाई लिएर नेपाली समाज तथा पारिवारिक जीवनको सुधारतर्फ सङ्केत गर्दै सानु लामा तथा अन्य कथाकारहरूले कथा लेखेका छन्।
- बहु विवाहको चित्रण सानु लामा लगायत अन्य कथाकारहरूले पनि आआफ्ना कथामा गरेका छन्।
- शिक्षित र अशिक्षित दुवै थरीका परिवारहरूको चित्रण सानु लामा र अन्य कथाकारहरूका कथामा भित्रिएको पाइन्छ।

- यसरी नै आर्थिक रूपले सम्पन्न र विपन्न दुवै थरीका परिवारहरूको चित्रण पनि सानु लामा लगायत अन्य कथाकारहरूका कथामा पाइन्छन्।
- अभिभावक र सन्तानमाझको सम्बन्धलाई लिएर सानु लामा र अन्य कथाकारहरूले कथा लेखेका छन्।
- सन्तानहिनताले ग्रस्त भएका दाम्पत्तिहरूको कथाव्यथा सानु लामा लगायत अन्य कथाकारहरूका कथामा चित्रित भएको पाइन्छ।
- सानु लामा लगायत अन्य कथाकारहरूले दिदी-भाइमाझको सम्बन्धलाई लिएर कथा लेखेका छन्।
- पाश्चात्यकरणको प्रभाव परेको परिवारका सदस्याहरूको चित्रण सानु लामालगायत अन्य कथाकारहरूले आआफ्ना कथाअनुरूप चित्रण गरेका छन्।

### ५.४.२ वैषम्य

- आधुनिक भारतीय नेपाली कथामा चित्रित दाम्पत्य जीवनको चित्रणमा आधारित कथाहरूलाई हेर्दा कथाकार सानु लामाले धेरजसो कथामा सफल दाम्पत्य जीवनको चित्रण गरेका छन्। यसको तुलनामा अन्य कथाकारहरूले धेरजसो असफल दाम्पत्य जीवनको चित्रण गरेका छन्।
- सानु लामाले आर्थिक विपन्नताले ग्रस्त नेपाली परिवारको चित्रण गर्नका साथै सम्पन्न परिवारहरूको पनि चित्रण गरेका छन्। उदाहारणार्थ 'पहुना' कथालाई लिन सकिन्छ। यसको तुलनामा अन्य कथाकारहरूले आर्थिक रूपले सम्पन्न परिवारको चित्रण थोरै मात्रै गरेको पाइन्छ।
- अन्य कथाकारहरू प्रायः सबैले विधवा नारीको जीवनको चित्रण गरेका छन्। तर सानु लामाले जस्तो विधवा नारीले सासू तथा नन्दहरूबाट अवहेलित नभएर बरू स्वनिर्भर भई जीवन व्यतित गरेको चित्रण पाइँदैनन्।

- सानु लामाले 'सात भाइकी चेली' र 'बलराम थापाको कथा' बाहेक अन्य कथाहरूमा सयुक्त परिवारको चित्रण गरेका छैनन्। आधुनिक भारतीय नेपाली अन्य कथाकारहरूले भने सयुक्त परिवारको चित्रण धेरै गरेका छन्।
- आर्थिक विपन्नताग्रस्त नेपाली परिवारहरू अझ तह नमिलेको बन्दै झन गरिबीको सिमादेखि पनि तलतिरै जानुको मुख्य कारण घरको बाबुले रक्सी पिउनुले गर्दा हो भन्ने कुरा आधुनिक भारतीय नेपाली कथाकारहरूका कथामा पाइन्छन्। उदाहरणार्थ शिवकुमार राईको 'मसिनीको संसार', पूर्ण राईको 'देखेको यो कथा' आदि। यसको तुलनामा भने सानु लामाले यस्तो प्रवृत्ति भएका पात्रको प्रयोग कुनै पनि कथामा गरेका छैनन्।
- सानु लामाले आफ्ना कथामा छोराछोरी कुसङ्गतमा लागेका तथा नशालु पदार्थको सेवन गर्न थालेका कुनै पनि कथामा चित्रण गरेका छैनन् भने अन्य कथाकारहरूका कथामा यस्ता पात्रहरू धेरै भित्रिएका छन्। कतिपय कथामा त झन बाबुलाई हात छोड्ने छोराको पनि चित्रण गरिएको पाइन्छ। जस्तै कथाकार प्रदीप गुरुङको 'अवरोह', सञ्जय विष्टाको 'वर्तमान' आदि।
- आधुनिक भारतीय नेपाली अन्य कथाकारहरूले वेश्यावृत्ति तथा वेश्या जीवनको चित्रण आफ्ना कथाहरूमा गरेका छन् भने सानु लामाले यस्तो कुनै पनि कथा लेखेका छैनन्।
- सानु लामाले कुनै पनि कथामा अनमेल विवाह तथा बाल विवाहको चित्रण गरेका छैनन् भने अन्य कथाकारहरूले आफ्ना कथामा यस्तो चित्रण गरेका छन्। जस्तै, लीलबहादुर छेत्रीको 'त्यसरी अन्त हुन्छ एउटा विसङ्गतिको', अर्जुन निरौलाको 'साँझ संगसंगै', इन्द्रमणि दर्नालको 'सन्दिग्ध-मन', विजयकुमार

सुब्बाको 'सधैंजस्तै एउटा विहान', विन्ध्या सुब्बाको 'तिमी, म र यो पहाड' आदि कथाहरूलाई उदाहरणार्थ लिन सकिन्छ।

- सानु लामाले कथामा विधवा भएकी एक्ली नारीलाई गाउँ, घरका परपुरुषहरूले हेय दृष्टि राखेको चित्रण कतै पनि गरेका छैनन्। तर अरू कथाकारहरूका कथामा चित्रित विधवा नारीमाथि आँखा गाड्ने, नराम्रा विचार लिएर उसलाई दुःख दिइरहने प्रवृत्ति भएका खल पात्रहरू प्रशस्तै पाइन्छन्।
- सानु लामाले 'स्वास्नीमान्छे' र 'सूर्यको तेस्रो किरण' बाहेक अन्य कथाहरूमा नारीलाई कुदृष्टिले हेर्ने खल पात्रको प्रयोग गरेका छैनन् भने अन्य कथाकारहरूका कथामा यस्ता पात्रहरू प्रायः नै भित्रिएका छन्।
- सानु लामाले 'सात भाइकी चेली' कथामा मात्रै सासू बुहारीको सम्बन्धलाई भित्र्याएको छ भने यसमा पनि सासू र बुहारीमाझ मधुर सम्बन्ध रहेको चित्रण गरिएको छ। यसको तुलनामा अन्य कथाकारहरूका धेरजसो कथामा सासू र बुहारीमाझ कटु सम्बन्ध नै रहेको चित्रण गरिएको पाइन्छ।
- सानु लामाले साली र भेना तथा देवर र भाउजुबिचको सम्बन्धलाई लिएर कुनै पनि कथा लेखेका छैनन् भने अन्य कथाकारहरूले लेखेका छन्।
- अन्य कथाकारहरूले सौतेनी आमा र सौता सन्तानबिच कटु र मधु दुवै सम्बन्धको चित्रण गरेर कथा लेखेका छन् भने सानु लामाले मधु सम्बन्ध भएको मात्रै चित्रण गरेका छन्, त्यो पनि 'बलराम थापाको कथा' शीर्षक कथामा मात्रै पाइन्छ।

- धर्मपुत्र वा धर्मपुत्री पाल्ने परिवारहरूको चित्रण पनि आधुनिक भारतीय कथाकारहरूका कथामा पाइन्छन् भने सानु लामाका कुनै पनि कथामा यस्तो चित्रण पाइँदैनन्।
- सानु लामाले कुनै पनि कथामा पत्नीको मृत्युपश्चात पति एक्लैले घर, परिवार तथा छोराछोरी पाल्न, सही मार्गदर्शन गर्न नसकेको देखाइएको छैन भने अन्य कथाकारहरूका कथामा यस्ता विभिन्न कथाहरू पाइन्छन् भने बाबु एक्लैले सन्तानको सही मार्गदर्शन गर्न नसकेको कारण दोस्रो विवाह समेत गर्ने निर्णय लिएको पनि पाइन्छ।
- सानु लामाले आफ्ना कथामा पाश्चात्यकरणको प्रभावले परिवारमा देखिने विघटनहरूको चित्रण त गरेका छन् तर अन्य कथाकारहरूले झैँ पाश्चात्यकरणको बढ्दो प्रभावले वर्तमान नेपाली परिवारको पारिवारिक जीवनको स्थिति कुन मार्गतर्फ लागिपर्दैछन् सो कुरा देखाउनमा असमर्थ रहेको प्रतीत हुँदछ।

वस्तुतः यसरी पारिवारिक जीवनको चित्रणका आधारमा कथाकार सानु लामा र अन्य कथाकारहरूका कथामा पाइने साम्य र वैषम्यलाई नियाल्दा धेरजसो वैषम्य नै पाइन्छ। यसको मुख्य कारण कथाकार सानु लामाले आफ्ना कथामा भित्र्याएका परिवारहरूमा जीवनप्रति सकारात्मक सोचाइ भएका पात्रहरूलाई लिएको हुनाले देखिन्छ। जसको तुलनामा अन्य कथाकारहरूले भने सकारात्मक र नकारात्मक दुवै विचार भएका परिवारहरूको चित्रण गरेका छन्।

## ५.५ निष्कर्ष

- आधुनिक भारतीय नेपाली कथाकारहरूले आ-आफ्ना कथामा नेपाली समाजमा व्याप्त कुसंस्कार, कुप्रथा, अन्धविश्वास, छुवा-छुत प्रथा, बाल

विवाह तथा अनमेल विवाह जस्ता सामाजिक विसंगतिहरूप्रति सुधारको भावनाले कथाको विषय बनाएका देखिन्छन्।

- परिवार समाजको प्रमुख घटक हो, जसको सुव्यवस्थामा नै समाज व्यवस्थित र दरिलो हुन्छ। पारिवारिक विघटनले जुन दुःख-कष्ट मानिसलाई दिन्छ त्यसकै प्रतिबिम्ब समाजमा पनि देखा पर्दछ।
- सामाजिक तौरमा मानिस एक्लो भएर होइन तर पारिवारिक सुखमा नै सुखी हुन्छ भन्ने तथ्यलाई अवगत गराउँदै आधुनिक भारतीय नेपाली कथाकारहरूले कथा लेखेका पाइन्छन्।
- पारिवारिक सुख र शान्तिमा विशेष नारी जातिकै ठुलो भूमिका रहन्छ भन्ने सत्यलाई पनि प्रस्तुत गर्ने प्रयास गरिएको पाइन्छ। यसका साथै भारतीय नेपाली सामाजिक जीवनअन्तर्गत पारिवारिक जीवनको चित्रण गर्ने क्रममा विभिन्न कथाकारहरूले आ-आफ्ना सामाजिक मूल्य मान्यता तथा दृष्टिकोणका आधारमा आफ्ना कथाहरूमा परिवार र यसमा समस्याहरूको चित्रण गरेका छन्।
- नेपाली समाजमा व्याप्त सामाजिक तथा पारिवारिक विडम्बनाहरू, असङ्गतिहरू र परम्परागत रूढ मान्यताहरूले उप्जाएका समस्याहरूलाई कथाकारहरूले आफ्ना कथाका मूल कथ्य बनाएका छन्।
- सामाजिक आलोचनाको विशिष्टतालाई आत्मसात गरी लेखिएका कथाहरूले स्वीकार गरेको व्यापक विषयपरिधिमा निम्नमध्यमवर्गीय समस्या, ग्रामीण जीवनका विविध पक्ष, सामाजिक विकृति, विसङ्गति, आर्थिक द्वन्द्व, रूढिवाद, सांस्कृतिक मूल्य र मान्यतासम्बन्धी प्रश्नहरूका साथै पारिवारिक तनाउ र विघटनको स्थिति आदि मुख्य रूपमा रहेका छन्।